जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष-१३ , अंक- २, २०७७ साल साउन १३ गते मंगलबार (July 28, 2020) www.janaakash.com.np मुल्य रु १०।-

**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

**www.janaakash.com.np**

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुभ्काव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

# लकडाउनको असर काठमाडौका घरबेटीहरु तनावमा

- उपत्यकाका घरको भाडा घटाघटामा ।
- बहालवालासँग लिएको भाडादर र कर तिर्दाको रकम फरक परे ५ बर्षको पेनाल्टी तिर्नुपर्ने ।
- महानगरले थाल्यो अनुगमन ।

मोहन कार्की

काठमाडौं । भ्कण्डै चार महिनाको लामो लकडाउन भएपछि काठमाडौ उपत्यका लगायत शहरमा मजदुरी, व्यवसाय गरी बसोबास गर्ने मानिसहरु आ(आफ्नो गाउँमा फर्केपछि र अहिले लकडाउन खुलेपनि गाउँमा गएका मानिसहरु तत्काल फर्कने अवस्था नभएको र काठमाडौ उपत्यकामा कोठा भाडामा लिएर बसेका र कोठामा उनिहरुले प्रयोग गर्ने सामानहरु पनि कोठामा नै राखेर गएका र महिना अगाडी अगाडी नै भाडा असुलेर खाना पल्केका र हरेक ३/३ महिनामा भाडा बढाएर काठमााडौमा घर छ भन्दैमा जे मन लाग्यो त्यो गदै आएका घरबेटीहरुको लागि यतिवेला भने भाडामा कोठा लिएका र कोठा होल्ड गरेर राखेका मानिसहरुको सामान र काठमाडौ महानगरपलिकाको कर अनुगमन टोलिले गरिरहेको छानविनले निक्कै तनाव उत्पन्न भएको देखिन्छ ।

सरकारले चैत्र महिनाको भाडा छुट गर्न घरबेटीहरुलाई आग्रह गरेको भएपनि कुनै कुनै घरबेटीले छुट दिएको भएपनि धेरैजति घरबेटीले भाडा छुट नदिदा अप्ठ्यारोमा त सहयोग नगर्ने घरमा नबस्ने भन्दै धेरै कोठावालहरु अन्तै सस्तो कोठा खोजेर सर्न थालेपछि भ्कनै घर भाडामा लगाउने घरबेटीहरु टाउकोमा हात राखेर पछुताईरहेका छन् । अहिले काठमाडौका अफिसियल एरिया नयाँ बानेश्वर, बागबजार, त्रिपुरेश्र, चावहिल, बालाजु, पुरानो बानेश्वर, लगनखेल, शंखमुल, पुतली सडक, लाजिम्पाट लगायत क्षेत्रमा घरभाडामा छ । तय भित लेखेर सटरमा घरको फ्लाईटमा जताततै टासेको देखिन्छ । जो काठमाडौमा सामान्य आय भएका तर आफ्नो गाउमा धेरै समय देखि नगएका बाध्यताले यत्तै बस्नु परेकाहरु भने यो मौकामा सस्तो कोठा खोजेर कोठा सरिरहेका छन् भने कतिपय किचकिचे घरबेटीहरुवाट मुक्तहुन अलि सजिलो र सस्तो कोठा पाउदा धमाधम कोठा सर्नेहरुको लर्को काठमाडौ उपत्यकामा दिनदिनै बढीरहेको छ ।

वहालमा बस्ने मानिसहरुलाई बषैपिछे भाडा बढाएर हैरान बनाउने घरबेटीहरुलाई सरकारले पनि यतिवेला कडाई गरेको छ । चैत्र महिनाको भाडा छुट नगर्ने घरबेटीको सूचना महानगरपालिकामा टिपाउन र त्यो घरको कोठाभाडाको रेट गोप्य रुपमा उपलब्ध गराउन सरकारले नीति बनाएपछि घरभाडा लिएको रेट र घर बहाल कर तिर्दाको मुल्य फरक परेको भन्दै थुप्रै घरबेटीलाई करछली गरेको भनि जरिवाना तिराएको महानगरको उच्च स्रोतले जानकारी दिएको छ । देशमा संकट आएको बेला सवै मिलेर संकटको सावधान गर्नुपर्ने ठाउमा सामान्य गरिखाने नागरिकहरुलाई दुख: दिने घरबेटीको अभिलेख राखेर सरकारले नै कारवाही अगाडी बढाउन लागेपछि भ्कनै

बाँकी २ पृष्ठमा

# नेपाल लाइफका कार्यवाहक सिइओमा सन्तोष प्रसाई

काठमाडौं । नेपाल लाइफ इन्स्योरेन्स कम्पनीमा साउन १ गतेबाट कार्यवाहक प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी सन्तोष प्रसाईलाई दिइएको छ । प्रमुख कार्यकारी अधिकत विवेक भ्काको कार्यकाल समाप्ती भएसँगै बाँकी ८ पृष्ठमा



# राप्रपाबाट पूर्व मन्त्री सुनिल थापा आउट , अध्यक्ष लाक्पा तामाङ ईन

काठमाडौं । राप्रपाका वरिष्ठ नेता, पूर्वमन्त्री एवं पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापाका छोरा सुनीलबहादुर थापाले शनिबार पार्टी परित्याग गरेका छन् । राप्रपा परित्याग गरेका छन् ।

उनीसँगै राप्रपाका केन्द्र र जिल्लाका ३१ जना नेताले पार्टी परित्याग गरेका हुन् । संघीयता र गणतन्त्रको पक्षपाती



पार्टीमा गणतन्त्रको पक्षमा वकालत गर्दै आएका थापाले राप्रपाका अध्यक्षत्रय कमल थापा, पशुपतिशमशेर राणा र डा. प्रकाशचन्द्र लोहनीलाई शनिबार राजीनामापत्र बुभ्काएका छन् । थापासँगै राप्रपाको धनकुटा जिल्ला, नगर तथा गाउँ इकाइ समितिका सबै सदस्यले रहँदै आएका थापा राप्रपाले लिएको राजतन्त्र र संघीयताविरोधी लाइनप्रति असन्तुष्ट थिए । थापा राप्रपाको उच्चस्तरीय कार्यसम्पादन समिति सदस्य थिए । थापासँगै केन्द्रीय सदयहरू विष्णुविक्रम थापा, बाबुराम बस्नेत, बृजलाल यादव, पदमबहादुर बस्नेत, किरण गिरी, दिलीप राई, आशाराम चौधरी, चन्द्रकुमार घुण्डे गुरुङ, राज्यलक्ष्मी श्रेष्ठ, चतुरमान विश्वकर्मा, राम पदारथ साहले पार्टीबाट राजीनामा दिएका छन् । धनकुटास्थित राप्रपाका जिल्ला कार्यसमिति, नगर, गाउँ, क्षेत्रीय इकाइ समितिका सबै पदाधिकारीले पार्टीबाट राजीनामा दिएका छन् । यसैगरी पार्टी छाड्नेहरूमा वीरेन्द्रलाल कर्ण, नारायण राउत, इन्द्रबहादुर तामाङ, राजकुमार भट्टराई, डम्बरबहादुर राई, माधव पौडेल, अर्जुनविक्रम थापा, हरेन्द्रप्रसाद यादव, रूपनारायण यादव, भिखारीलाल यादव,महेन्द्र बस्नेत, गोपी ठकुरी, डोलनाथ आचार्य, दबिबल तामाङ, मदन घिमिरे, ध्रुव थापा छन् ।

संस्थापक नेता सूर्यबहादुर थापा नेतृत्वको राप्रपाको एक समूहले विगतमा गणतन्त्रका पक्षमा निर्णय गरेको थियो । राप्रपामा कमल थापा नेतृत्वको समूहबाहेक विगतमा अध्यक्ष पशुपति शमशेर राणा र अर्का अध्यक्ष डा. प्रकाशचन्द्र

बाँकी ८ पृष्ठमा

# चितवनमा खुल्यो बजार, ग्राहक पाएन


चितवन । लकडाउन खुलेर बजारमा चहलपहल शुरू भयो । तर व्यापार हुन नसकेको व्यवसायीहरूले गुनासो गरेका छन् । पसल खुलेपनि ग्राहक नआएको उनीहरूको गुनासो छ ।

लामो लकडाउनका कारण यस वर्षको असार मसान्तमा गरिने हिसाब मिलानसमेत हुन सकेको छैन । उधारो उठ्न नसकेको र सामान थप गर्न नगद किन्नुपर्ने बाध्यता भएको व्यवसायीहरूले बताएका छन् । नारायणगढको पुल्चोकमा रहेको शुभकामना इलेक्ट्रोनिक्सका सञ्चालक सूर्यभक्त अधिकारी पहिलेको तुलनामा २५ प्रतिशत पनि व्यापार नभएको बताउनुहुन्छ । आम्दानीको स्रोत घटेको र कोरोनाको त्रासका कारण ग्राहक कम भएको उहाँको भनाइ छ । मध्यम र न्यूनस्तरका ग्राहकहरूको आम्दानी नहुँदा बजार प्रभावित भएको अधिकारी बताउनुहुन्छ । सञ्जु एयर कन्डिशन नारायणगढका सञ्चालक विष्णु कँडेल १० प्रतिशत पनि व्यापार नभएको बताउनुहुन्छ । उहाँले भन्नुभयो, ँअत्यावश्यक क्षेत्रमा बाहेक अन्यत्र व्यापार हुन सकेको छैन ।

फेन्सी व्यवसायी सङ्घ चितवनका अध्यक्ष खिमलाल अर्याल पहिलेको तुलनामा १० प्रतिशत पनि व्यापार नभएको बताउनुहुन्छ । बजारमा मान्छेको भीडभाड बढ्दै गएको भए पनि व्यापार हुन नसकेको उहाँको गुनासो छ । उहाँले भन्नुभयो, ँकोरोनाको डर एकातर्फ, अर्कोतर्फ क्रय शक्ति नै घट्यो । जिल्लामा फेन्सीमात्र पाँच हजारभन्दा बढी रहेको भन्दै उहाँले यस क्षेत्रमा मात्र रू १५ अर्बभन्दा बढी लगानी भएको बताउनुभयो । घरभाडा, कर्मचारीको पारिश्रमिक र बैंकको ब्याज तिर्न सक्ने अवस्थामा व्यवसायीहरू नरहेको उहाँको भनाइ छ । पसल खोलेर कुर्ने काममात्र भएको अर्यालले बताउनुभयो ।

फेन्सीमा जुत्ता र कस्मेटिक व्यवसायी पनि पर्दछन् । सामान्यतया जुत्ता दुई वर्षपछि आफैँ उप्कने भन्दै अर्यालले धेरै सामग्री बिग्रिएर जाने अवस्थामा रहेको बताउनुभयो । कस्मेटिक सामग्रीको म्याद सकिने र कपडाको डिजाइन जाने भएकाले व्यवसायीले ठूलो नोक्सानी व्यहोर्ने अवस्थामा पुगेको जनाएका छन् । कपडा व्यवसायी

बाँकी ८ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

### भाईरल जरोलाई कोरोना भनेर नभ्कुक्किउ

यतिबेला बिश्वमा कोरोनाको हल्ला ब्यापक भईरहेको छ । मानिसहरुलाइ कोरोना लागेको पनि छ । तर, नेपालमा यतिवेला झरी बर्षा हुदा खानेपानीमा भलबाढीले पानीको मुहानमा फोहोर पानी मिसाई दिने हुदा खानेपानी प्रदुशित हुने र मानिसहरुले प्रयोग गर्ने पानीमा यो साउन भदौमा ब्याक्टेरिया धेरै हुन्छ भन्ने ज्ञान नहुदा र अझ भन्ने हो भने काठमाडौ उपत्यकामा त खानेपानीको अभाव आर्थिक समस्या हुदा काठमाडौ उपत्यकाको घरको धारामा पानी मात्र आएपनि त्यो मानिसहरुको लागि ठुलो कुरा ठानेर प्रयोग गर्छन । यस्ता कारणहरुले गर्दा बर्षेनि नेपालमा यो साउन भदौको समयमा धेरै मानिसहरुमा झाडाबान्ता, जरो आउने, सरुवा रोगहरु फैलने गरेको छ । यस्तो समस्या आउन नदिन यतिवेला सवै सजग हुनुपर्छ । किनकि यतिवेला जस्तो रोग लागेपनि कोरोनासँग तुलना गरेर अस्पतालहरुले अन्य बिरामीहरुको राम्रो उपचार हुन नसकेर मृत्यु भइरहेको अवस्था छ ।

त्यसैले सवैभन्दा आफै सतर्क रहने र धारामा आउने पानी उमालेर सम्भव भए फिल्टर गरेर पिउने त्यो सम्भव नभए सफा कबडामा कबाडछान गरेर पिउने गर्नुपर्छ ताकी हामी प्रत्येक वर्ष हुने झाडा बान्ता भाईरल जरो रुघा, खोकी वाट बच्न सकु ।

त्यति गर्दापनि रुघा, खोकी, भाइरल जरो आएमा समयमै अस्पताल जाउ र त्यस्ता रोग लागेका बिरामीहरुलाई नजिकमा रहेका जो कसैले देखेमा एकले अर्कोलाई सहयोग गरेर भएपनि अस्पताल पुऱ्याउने काम गरौ ।भनेको बेला सवारी साधनको पनि अभाव छ । एकातिर भने अर्कोतर्फ आर्थिक अभावले पनि मानिसहरु अस्पताल जान हिच्किचाई रहेका हुन्छन् । त्यस्तो अवस्थामा वरीपरिका साथीभाई जो जसले त्यसखालका बिरामी देखेमा आर्थिक सहयोग हौशला दिएर अस्पताल पुऱ्याउने काम गर्नुपर्छ । अहिले जतातते कोरोनाको मात्र चर्चा भईरहेकोले सामान्य रुघा, खोकी लागेको मान्छे देखिने बित्तिकै कोरोना भनेर नभ्कुक्किउ बास्ताविक कुरा बुझेर मात्र मानिसहरुमा ब्यवहार गरौं । कोरोना नै लागेकै रहेछ भने पनि सामाजिक दुरी कायम गरेर वा साधनहरु प्रयोग गरेर मानिसमा आईपर्ने आपत बिपतमा सहयोग गरौं । त्यसैले त मानिसलाई चेतनशील प्रणी भनिएको हो ।

अहिले नेपालमा नेपालीहरुको सदभाव एकता एक अर्काप्रति सहयोग गर्ने भावना आजपनि कायम रहेको छ । एक अर्काको दुखःमा साथ दिने नेपालीहरुको स्वभाव छ । त्यसलाई कायम राख्न र नेपालले मानवताको ख्याल गर्नसक्छ भन्ने उदारण दिन पनि यो संकटको घडीमा एक अर्को साथीभाईको सहयोग आवाश्यक छ ।

अहिले लकडाउन पुर्ण रुपमा लागेको नभएपनि मानिसहरु एक ठाउँवाट अर्को ठाउँमा पुग्न सेवा सुबिधावाट बञ्चित छन् । यस्तो बेलामा सवैले सत्य तथ्यमा आधारित सुचनाहरु मात्र प्रवाह गर्नुपर्छ ताकी मानिसहरु झुक्किएर बाटोमा अलपत्र नपरुण सुचना भन्नाले पत्रपत्रिका, टेलिभिजन, रेडियो, सामाजिक सञ्जाल मात्र होईनन् । कहिलेकाही साथीभाई आफन्तले दिईने फोन प्रयोग गरी दिने जानकारी मानिसहरुलाई पठाउने खवर पनि सुचना हुन । यी सुचनाहरु प्रयोग कर्ताहरुले पनि समाजमा भईरहेका घटना देखेका सत्यभन्दा फरक खालका सुचनाहरु दिनु हुदैन ।

अहिले त कोही बिरामी परेको मान्छे देख्यो कि कोरोना भनेर हल्ला गर्ने नचाहिदो कुरा बढाउने गरेर समाजमा भय सृर्जना गर्ने कुराहरु पनि भईरहेका छन् । यस्तो कसैले गर्नु हुदैन । आ□नो टोल छिमेकमा कुनै मानिस अरुनै कारणले पनि बिरामी पर्नसक्छ । बिरामी पर्ने बित्तिकै कोरोना लागेछ भनेर सवै मानिसहरु बिरामीको बास्ताविकता नबुझि झुक्किए भने एउटा उपचार पाएर निको हुने बिरामी अनाहकमा नबुझी उपचार नपाएर मृत्यु हुनसक्छ । त्यसकारण कोरोनाको बास्ताविकता बुझेर मात्र कुराहरु गर्ने गर्नुपर्दछ ।

सामान्य भन्दा सामान्य सधै नेपालमा यो साउन भदौमा लाग्ने भाईरल जरो, रुघा, खोकीलाई कोरोना भनेर बेवास्ता गर्नु हुदैन र समयमा नै उपचार वा सतर्क अपनाएर बच्न र बचाउन सकिन्छ । यो मानवीय धर्म हो । यस्तो काम नेपालीहरु जाहा रहेपनि भएपनि सवै मिलेर गरौं ।

# नेपालको राजनीति लाज छोप्न नसक्ने नीति

मोहन कार्की

नेपालमा राजनीतिको नाममा भएको बिकास विरोधी कामलाई विकासवादी मानिसहरूले लाज छोप्न नसक्ने नीति भनेका छन् । नेपालमा १९९३ मा प्रजा परिषदको स्थापना भएदेखि राणा शासनलाई बिरोध गर्न सिकाईएको थियो । जो कि नेपालीहरूले इष्ट इन्डियासँग लड्दा देखाएको साहास, बाहादुरी र चातुऱ्याईको प्रतिफल थियो । त्यतिवेलाको साम्राज्यवादी शक्ति वेलायतले नेपालको त्यो क्षमता देखेर नै हुनुपर्छ जङग बहादुरलाई गुहारेर लखनउमा इष्ट इन्डिया कम्पनीले नसकेको युद्धमा नेपाली गोर्खा सैनिकको साहायता लिएर बिजय हाशिल गरेको थियो ।नेपालले सुगौली सन्धिमा गुमाएको भुभाग लखनउमा नेपाली गोर्खा सैनिकले बिजय हाशिल गरेको सट्टमा जङग बहादुरको पालामा नेपालले बाके, बर्दिया, कैलाली, कञ्चनपुर जिल्ला फिर्ता लिएको थियो ।




भारतमा स्वतन्त्रताको लडाई र नेपालमा राणा बिरूद्धको लडाई सँगसगै जस्तो चलेको थियो । त्यो परिस्थिति र समयले गर्दा नेपालका लोकतान्त्रिक र बामपन्थी बिचारधाराका नेताहरू भारतको भुमिमा बसेर नेपालको राण साशनको बिरोधमा लागेका थिए । भारत सन. १९४७ मा स्वतन्त्र हुदा नेपालमा पनि त्यही समयमा राजा, लोकतान्त्रिक भनिएका शक्ति र दिल्ली त्रिपक्षीय सम्झौत भई नेपालमा बिक्रम सम्वत: २००७ सालमा भारतीय चाहाना अनुसारको सरकार बनेको थियो । जसलाई बिधान सभा भनेर भनिन्थ्यो । जुन सम्झौता भारतले गराएको थियो । त्यो सम्झौता गर्दा कुनै पक्षलाई भेट हुन नदिई हस्तक्षर मात्र गराएको बिभिन्न लेखमा उल्लेख छन् । भारतले नेपालको स्वतन्त्रमाथि त्यतिवेला देखि नै आखाँ लगाएको हो ।

नेपालका अर्ध राजनीतिक चेत भएका मानिसहरू राजनीतिक दलका नेता भएको बेला कोही जानी जानी समर्थन जनाउथे भने कोही नजानेर भारतीय योजनामा फस्थे । त्यो योजनाले नेपालको परराष्टू सचिवालयमा भारतीय नागरिक रहने नेपालका भुभागहरूमा भारतीय सैनिक रहने, जस्ता प्रस्ताव भारतले राख्दै गयो । कानुनी रूपमा खेस्रा तयार नहुदै भारतीय हरूले नेपालमा आताङ्कवाद नियन्त्रण गर्नको लागि भनेर नेपालका केही भुभागमा भारतीय सेनाहरू राख्न थाले । यसै मेसोमा २०११ सालमा कोशी सम्झौता र २०१६ सालमा गण्डक सम्झौता, गरेर प्रजातन्त्रका हिमायतिहरूले नेपालको ठूला नदीहरूको अधिकार गुमाई सकेका थिए । एकपछि अर्को गदै नेपालको अधिकार गुम्दै गएको देख । र, त्यतिवेलाका राजा महेन्द्रले नेपालको स्वातन्त्रतामाथि नै खतरा देखे र २०१७ सालमा राजनीतिक कु गरेर नेपालको रक्षाको लागि केही राष्टूवादी नीति लिएर नेपाल आत्मनिर्भर हुनु पर्ने रहेछ भनेर केही उधोग कलकारखानाहरू सञ्चालनमा ल्याएका थिए । तिनै राजा महेन्द्रको कालमा नेपालमा स्थायी साशन भएको बेला काम गर्न सजिलो हुदो रहेछ र नेपालको बिकास गर्न पनि सकिदो रहेछ भन्ने नेपालीहरूले बुझे ।

तर, भारतीय बुझाईमा भारतको योजना र आग्रहलाई महेन्द्र राजाले नमानेको कारण भारतले नेपालमा बिकास भएको देख्न चाहेन । जस्तै नेपालको पुर्व पश्चिम राजमार्ग बनाउन लाग्दा भारतले बिरोध जनाएको थियो । नेपालको बिकास त्यतिवेला देखि नै भारतीय पक्ष रोक्न चाहान्थ्यो । तर, त्यो सम्भव भएन । राजा महेन्द्रले नेपालको पुर्व पश्चिम राजमार्ग बनाई छाडे । त्यसपछि भारतले नेपालमा राजनीतिक अस्थिरता ल्याउने योजना बनाउन थाल्यो त्यो अस्थिरता ल्याउन अरू क्षेत्रवाट सम्भव थिएन । फलस्वरूप भारतले पहिला भारतमा बसेर राणको बिरूद्धमा लागेका कोही काग्रेस, कोही कम्युनिष्ट, कुनै राजाका सर्मथकै भएपनि बिकाउ खालका राजावादी खोल ओडेका अवसरवादीहरूको खोजि गऱ्यो । भरतीय विस्तारवादको योजनामा नेपाललाई अस्थिरतामा धकेल्न उनिहरू नै प्रयोग हुन थाले ।

तर, महेन्द्रको सुझबुझपुर्ण नीति र तरिकाले काम गर्दा भारतीय डिजाइन सफल भएन र नेपालको पुर्व पश्चिम राजमार्ग बन्यो । नेपालमा कपडा उधोग, कागज उधोग, जुत्ता उधोग खोलेर नेपाल बेसिक नीडमा के के कुरामा पहिला आत्मनिर्भर हुने भन्ने महेन्द्रकालीन नीतिले नेपालका नेपालीहरूलाई स्वदेशमै काम गर्ने वातावरण बन्यो । बिदेशिने अर्थतन्त्रलाई केही टेवा पुग्न थाल्यो । २०२८ सालमा नेपालका राजा महेन्द्रको रहस्यमय मृत्यु भएपछि लामो सास फेरेका भारतीयले राजा बीरेन्द्रले पनि त्यही महेन्द्रकालीन नीतिलाई निरन्तरता दिन खोजे । नेपालले यस्तै एकपछि अर्को बिकास गदै गयो भने भारतको प्रभुत्ववाट बाहिर जान्छ भनेर दिल्लीलाई नेपालवाट सुचना दिईरहेका थिए । जसले नेपालमा भारतीय प्रभुत्व कायम गर्न बल पुऱ्याई रहयो । भारतका कुटनीतिज्ञहरूले भारतका कुटनीतिज्ञहरूले नेपालमा अस्थिरता मच्चाउन त्यस्ता बिकृत नेपाली पात्रहरूको खोजि गरिरहेका थिए ।

त्यतिवेलाका नेपाली काग्रेस र ७ वामदल नामका पार्टीहरू नेपाललाई अस्थिर बनाउन प्रयोग भए । किनकि महेन्द्रको मृत्यु २०२८ सालमा भइसकेको थियो । भने राजा बनेका बीरेन्द्रले पनि सवै पञ्च नेपाली सवै नेपाली पञ्चको नामवाट काम गर्न शुरूवात गरेका थिए । त्यो पञ्चायतकालीन नीतिलाई असफल गराउन भारतको जुठो पुरो खाएर हुर्केका नेपालका प्रजातान्त्रिक भनिने काग्रेस र बाम दलहरूले भारतकै उक्साहटमा बिभिन्न बिरोधहरू गरि नै रहेका थिए । जसले गर्दा २०३६ सालमा बहुदलीय र निंदलीयको लागि जनमत सग्रह गराउनुपर्ने बाधयता भयो । त्यतिवेला निंदलीय पक्षले बहुमत प्रप्त गऱ्यो । सायद त्यतिवेला बहुदलले जनमत सग्रहमा जितेको भए नेपालको स्वतन्त्रता नै रहन्थ्योकि रहन्थेन भन्न सक्ने अवस्था थिएन । किनकि भारतले केही समय अगाडि मात्रै सिक्किमलाई भारतमा बिलय गराएको थियो । नेपालका त्यतिवेलाका कुटनैतिक बुद्धिजीवि सवैको बुद्धिमताका कारण नेपाल स्वतन्त्र रहिरहन सफल भएको थियो ।

त्यसपछि एकपछि अर्को गोटी चाल्दै आएको बिस्तारवादी भारतले नेपालको स्वतन्त्रलाई समाप्त बनाउन नेपालको राजनीतिक अस्थिरताको लागि भएभरको बल लगाएर नेपाली काग्रेसलाई सत्यग्रह गर्न लगाएको थियो । त्यसको लगतै भारतीय नेता चन्द्र सेखर, श्याम शंखर मुखर्जी र शिव मेननहरू नेपालमा आएर गणेशमानको च्याक्सीबारी ठमेलवाट र बिराटनगरको कोइराला निवासवाट हमारे आन्दोलन आगे बडगी अव नै रोकिङगे भन्दै २०४६ सालमा नेपालमा भारतीय उक्साहटमा आन्दोलन गरेको थियो । त्यो नेपाली जनताको निंदेशनमा थिएन । त्यसैको परिणाम संविधान बनेको केही छिनमा नै नेपाली किसान र नेपाली मजदुरहरूले बिरोध जनाएका थिए ।

नेपाललाई बहुदलमा लगेपछि बिभिन्न संघ/संस्था राजनैतिक दल खोल्न पाउने र नेपालमा नभएका कपोलकल्पीत कुराहरू फैलाएर राष्टूवादी शक्तिहरूलाई कमजोर बनाउने योजना भारतको सफल भएको थियो । जसका कारण नेपालमा कहिल्यै पनि कुनै पनि प्रधानमन्त्रीले आफनो ५ बर्षे कार्यकाल पुरा गर्न पाएनन् । बेलाबखतमा नेपालको नागरिता बिध्येक र परराष्टू नीतिको बिषयमा राजा बीरेन्द्रले हस्तक्षर नगर्दा भारतीय योजनाहरू रोकिदै आएको थियो । त्यसैकारण भारतले नेपालको राजतन्त्रलाई भारतको बाधकको रूपमा हेरिरहेको थियो । नेपाललाई अर्को द्धन्द्धमा फसाउने दाउमा रहेको भारतको लागि कम्युनिष्ट नामवाट राजनीनि गर्नेहरू नेपालमा चै बढी अरूका लागि बिश्वासिला हुन्छन भन्ने भारतको बुझाई र अध्ययन थियो । नभन्दै त्यस्तै नेकपा (माओवादी) ले २०५२ सालमा जनयुद्ध घोषणा गऱ्यो । भारतको नेपाललाई अस्थिरता गराउने सपना पुरा भयो । र, माओवादीहरूलाई भारतमा निम्ता गरेर भारतीय सरकारले नै आस्रय स्थल, गुरिल्ला तालिम, हातहत्तियार दिएर नेपाली गरिवका छोराछोरीलाई भारतीय विस्तारवादी बिरूद्ध भनेर भ्रम सिर्जना गराउदै नेपालीले नेपालीलाई मार्ने मराउने बैक ध्यस्त बनाउने पुल भत्काउने, सुराकीको नाममा पढेलेखेका बुद्धिजीविहरूलाई समाप्त गर्ने जस्ता कार्यको थालनी गरे अरू देशले बिकाशको फट्को मारिरहदा नेपाल भने देशभित्रको कलहमा फसेर बस्नुपर्ने बाध्यतामा फस्यो नेपालमा दैनिक यति मानिसको मृत्यु यति घाइते भनेर सञ्चार माध्यमहरूले समाचार बजाउदा दक्षिणतिरको नेपालको छिमेकी भारतका साशकहरू भने नेपालको अस्थिताले भारतको कुहिएको गोलभेडा, सडेको चामल, घाइतेहरूलाई उपचारको लागि भारतमा लानुपर्दा भारतीय अस्पताललाई हुने फाइदा र नेपाली सेना र उता बिद्रोही भनिएको माओवादीलाई हतियार बेचेर पैशा कमाउदै नेपालको अस्तित्व चाडै समाप्त हुने सपना देखेर रमाई रहेको थियो । र नेपालका नेताहरूलाई दिल्लीमा बोलाएर भारतीय योजना सुनाउदै आएको थियो । तर नेपालमा राजतन्त्र भएको र जुनसुकै बिध्येक र नीतिहरू पास गर्दा राजाले स्वीकृत गर्नुपर्ने हुनाले भारतका योजनाहरू सफल भएका थिएनन् ।

त्यसैको प्रतिशोधमा नेपालको राजबंशीय साशनलाई सधाका लागि अन्त्य होस भनेर नेपालको राजतन्त्र माथि २०५८ जेठ १९ गते नारायणहिटी दरबार हत्याकाण्ड भयो । जुन नेपालको लागि निक्कै डरलाग्दो र नेपालीहरू अविभावक गुमाएका जस्ता भए । यहा जोड्न खोजेको के हो भने २०४६ सालमा जसरी भारतीयहरू नेपालमा आएर आन्दोलनको शुरूवात गरेका थिए बहुदल ल्याउनलाई त्यो बहुदलमा एउटै बिषलाई बिभिन्न खालका शक्तिले आ–आफनो धारणा राख्दा बिषय नै अन्तै मोडि सकिएको हुन्थ्यो । दरबार हत्याकाण्ड डिजाइन अन्तै कतैवाट गरेको र ज्ञानेन्द्र राजालाई आरोप लगाउँदै दोश थोपरेर प्रतिवेदन पनि त्यो हत्याको आरोप लगाएर मरिसकेका राजकुमार दिपेन्द्रलाई लगाएर नेपालको अस्तित्वमाथि खेलवाड गदै षऱ्यन्त्रलाई ढाकछोप गर्न लगाइयो । त्यसपछि नेपालको संयन्त्र नै खलबलाएर देशलाई झनै आक्रान्त पार्न सफल भएपछि त भारतीय बिस्तारवादको नीतिले काम नगर्ने कुरै भएन । भारतमा नेपालका त्यतिवेलाका नेता भनेकै गिरिजा प्र. कोइराला, माधव नेपाल, केपी शर्मा ओली थिए । उत्तापर्टी जनयुद्ध लडिरहेको माओवादी पार्टीका नेताहरू त भारत मै बसेर नेपालमा रक्तपात मच्चाईरहेका थिए माओवादी र नेपालका सात राजनीतिक गठबन्धनलाई भारतले एउटै मोर्चामा काम गर्न दिएको निर्देशन पालना गर्न लगाएर २०६२/६३ को आन्दोलन गराएको थियो । त्यो आन्दोलन पछि नेपालमा अस्थिरता बढेर जाने र नेपालको राजतन्त्रले बिद्रोह गर्ने नेपाल अस्थिरताको चरम रूपमा जाने भारतीयहरूको आकलन थियो । तर नेपालको राजतन्त्रले सजिलै नेपालको राज्यसत्ता छोडिदिएपछि भारतीयहरूको बिशलेषण फेरी एकपटक हावाको बेलुन फुटे झै फुट्यो । अर्को उपाय अपनाउदै भारतले जातियता र क्षेत्रियताको नाममा रौतहटको गौरमा पाहाड र तराइबासीको भिडन्त गराएर जनअधिकार फोरमको नामवाट माओवादी कार्यकर्ता २७ जनाको हत्या गराई गृहयुद्धमा नेपाललाई फसाउने योजना पनि असफल भएको थियो ।

त्यसपछि नेपालको माओवादी जनयुद्धमा लागेका कार्यकर्ताहरूलाई घरघरमा

बाँकी ३ पृष्ठमा

# प्रजातान्त्रिक धार र देशमा प्रजातन्त्र बलियो हुनुपर्छ

विष्णुविक्रम थापाले राप्रपा सिद्धान्तमा विचलन भएको र एक किसिमले पार्टी नै पलायन हुने अवस्था भएकोले आफूहरूले पार्टी परित्याग गरेको स्पष्ट पारेका छन् । आइतबार बिहान नेपाली रेडियो नेटवर्कबाट प्रसारण भएको नेपाली बहसका लागि पत्रकार ऋषि धमलाले तपाईहरूले किन पार्टी त्याग्नुभयो भनेर सोधेको प्रश्नमा थापाले भने,'पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापाले गठन गरेको राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालमा एउटा वैचारिक किसिम र अन्य कारणबाट हिजो प्रजातान्त्रिक पार्टी थियो, हाल आएर त्यतिखेरको सिद्धान्तमा विचलन आएर पार्टीनै एक किसिमले पलायन हुन लागेको कारणले हामीले राष्ट्रिय प्रजातन्त्र पार्टी परित्याग गर्न लागेका हौँ ।' प्रस्तुत छ नेता थापासँग पत्रकार धमलाले गरेको कुराकानीको सम्पादित अंश

**तपाईहरूले किन राप्रपा पार्टी परित्याग गर्नुभयो, के कारणले छोड्नुभयो ?**

पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापाले गठन गरेको राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालमा एउटा वैचारिक किसिम र अन्य कारणबाट हिजो प्रजातान्त्रिक पार्टी थियो, हाल आएर त्यतिखेरको सिद्धान्तमा विचलन आएर पार्टीनै एक किसिमले पलायन हुन लागेको कारणले हामीले राष्ट्रिय प्रजातन्त्र पार्टी परित्याग गर्न लागेका हौँ ।

**डा. प्रकाशचन्द्र लोहनी, कमल थापा उहाँहरूले काम गर्न सक्नुभएन ?**

उहाँहरूले सक्नुभयो, सक्नुभएन भन्ने कुरा यथार्थ धरातलमा हामीले देखिरहेका छौँ । जनताले देखिसकेका छन् ।

**कतिजनाले पार्टी छोड्नुभयो ? ठ्याक्कै भन्नुस् त ?**

पार्टी छोड्ने त हामी धेरै थियौँ त अहिलेलाई ३१ जना छौँ ।

**केन्द्रिय नेताहरूले तपाईहरूलाई पार्टी नछोड्न आग्रह गर्नुभएन ?**

हाम्रो त्यस किसिमको वार्ता नै भएन । त्यस किसिमको मौका नै रहेन ।

**त्यसो भए तपाईहरु नेपाली कांग्रेसमा जाने तयारीमा हो ?**

अहिलेसम्म हामीले निर्णय गरेका छैनौँ । हामी प्रजातान्त्रिक धार र देशमा प्रजातन्त्र बलियो हुनुपर्छ भन्ने मान्यतामा हो ।

**प्रजातान्त्रिक धारलाई बलियो बनाउन तपाईहरु नेपाली कांग्रेसमा प्रवेश गर्दै हुनुहुन्छ ?**

करिब-करिब त्यही ठान्नुस् ।

**तपाईहरूको बीचमा सहमति भईसकेको छ ?**

हामी नेपाली कांग्रेसमा प्रवेश गर्छौँ ।

**नेपाली कांग्रेसमा प्रवेश गर्दाखेरि तपाईलाई पदीय भागबण्डाको कुरा पनि आउँछ होला नि, सुनिल बहादुर थापालाई सहमहामन्त्री दिने कुरा भएको हो् ?**

यो विषयमा मसँग त्यस्तो कुनै कुरा भएको छैन ।

**होइन तपाईँ त वार्तामा धेरैपटक बस्नुभएको छ नि ? के छ तयारी भन्नुहोस न ?**

अहिले हाम्रो नेतृत्व सुनिल थापाले नै गरिराख्नुभएको छ । सबै कुरा उहाँलाई नै थाहा छ ।

**पदहरु के-के पाउँदै हुनुहुन्छ ?**

यसमा हामीले मागेर कुनै लिन गईरहेका छैनौँ । हामी नेपालमा प्रजातान्त्रिक धार बलियो हुनुपर्छ भन्ने किसिमको हाम्रो मूल्य-मान्यता हो । त्यसैलाई अगाँलेर हामी नेपाली कांग्रेसमा जाँदैछौँ ।

**नेपालमा प्रजातान्त्रिक धार, शक्ति किन कमजोर भयो ? के कारणले भन्नुहोस् त ?**

नेपालमा प्रजातान्त्रिक धार प्रजातन्त्रकै कारणले गर्दा कमजोर भयो ।

**अहिलेको अवस्थामा नेपाली कांग्रेसले देशमा आएको समस्याको समाधान गर्नसक्छ ? कांग्रेस पनि धेरै ठाउँमा धेरैपटक चुकेको छ नि त ?**

कहिलेकाहीँ नेतृत्वहरु असफल हुनसक्छन्, त्यो आफनो ठाउँमा रह्यो । तर, समग्र पार्टी भनेको सबल नेतृत्व गर्नसक्ने पार्टी हो भन्ने नेपाली कांग्रेस यो देशको परिस्थितिमा हाम्रो बुझाइ हो ।

**तपाईहरु कांग्रेसमा गईसकेपछि आगामी महाधिवेशनमा पनि प्रतिस्पर्धा गरेर तपाई पनि केन्द्रिय सदस्यमा लड्नुहुन्छ, उम्मेदवारी दिनुहुन्छ ?**

होइन, त्यो भविष्यको कुरा हो । हामी त त्यहाँ प्रवेश गर्ने कुरा न हो ।

**उसो भए तपाईँहरू २र४ दिनमा नेपाली कांग्रेस प्रवेश गर्दै हुनुहुन्छ ?**

हो, २र४ दिनमा हामी प्रवेश गर्दैछौँ ।



**विष्णुविक्रम थापा**
**नेता, राष्ट्रिय प्रजातन्त्र पार्टी**

---

## नेपालको......................

पुगेर केही साना समुहहरू भएपनि युद्धमा होमिन उक्साउन भारतीय खुफियाहरू लागेको देखिन्थ्यो । तर माओवादीको लामो जनयुद्धले देशलाई पुऱ्याएको क्षतिले कुनैपनि नेपालीमा आईन्दा बिद्रोह गर्ने जागर कसैमा थिएन । जसले नेपाललाई फाईदा नै पुऱ्यायो । त्यसपछि जातिय द्वन्द्ध गराउन उधत शक्तिहरूले जातिय संगठनहरूलाई उचालेर सडमा उतारिरहे ।

तर, नेपालको जातिय सदभाव र एकतामा सवै मिलेर बसेका नेपालीलाई त्यस्ता केही अर्ध चेत भएका नेता बन्न अवसर खोजेर बसेकाहरूले चर्का भाषण र अन्तैवाट राषण बुजेपनि नेपालमा जातिय सदभावमा कुनै समस्या आएन यो नेपालको हजारौ बर्षदेखि मिलेर बसेका नेपालीहरूमा कहिल्यै फुटन जान्दैनन् एकता तोडदैनन् भन्ने नेपालको एकता देखाईदिए ।

नयाँ संविधान निर्माणका लागि पहिलो निर्वाचन भयो । निर्वाचनमा बिद्रोहमा रहेको माओवादी पार्टीले सवैभन्दा धेरैसिट जित्यो र नेपाल केही समय माओवादीमय भएको थियो । निर्वाचनपछि बिद्रोहवाट आएका प्रचण्ड प्रधानमन्त्री भएका थिए । प्रचण्डले आफनो ९ महिनामा एउटा पशुतिनाथको पुजारी र सेनापति बिबादका कारण राजिनामा दिएका थिए । त्यतिवेला प्रचण्डभन्दा अझै धेरै भारतका बिश्वासिला पात्र डा. बाबुराम भट्टराई थिए । तिनै बाबुराम भट्टराईलाई प्रधानमन्त्री बनाउन चाहान्थ्यो भारत, र, भारतको आग्रहमा नै प्रचण्डले प्रधानमन्त्रीवाट राजिनामा गरेका थिए ।

तर सोचेभन्दा बिपरित त्यतिवेलाका नेकपा एमालेका पुर्व महासचीव माधव कुमार नेपाल प्रधानमन्त्री चयन भए जो दुवै निर्वाचन क्षेत्रवाट हारेका ब्यात्ति थिए । माधव नेपाल प्रधानमन्त्री भएपछि माओवादीहरूले बिभिन्न खालका आन्दोलनका कार्यक्रमहरू सञ्चालन गर्न शुरू गरेका थिए । त्यसको बिकसित रूप माओवादीले काठमााडौ नै कब्जा गर्ने र काठमाडौ आएर माओवादीहरू काठमाडौका बासिन्दाको घरघरमा जर्वजस्त बस्ने सम्मका योजना सार्वजानिका गरे । नभन्दै योजना मुताबिक नै माओवादी पार्टीले काठमाडौमा कार्यकर्ता उतार्न थालिसकेको थियो । नेपाल गृहयुद्धमा फसाउने तयारी जस्तै देख्न सकिन्थ्यो । नेपालका सर्वसाधारण नागरिकहरू आन्दोलनमा कतै देखिदैनथे तर माओवादी कार्यकर्ता र तराई मुलका जस्ता देखिने भारतीय सेनाहरू सिभिल डूेसमा काठमाडौमा जताततै देखिन्थे । लाग्थ्यो नेपाल केही समयमा अव सिक्किम हुन जादैछ । नेपालका सञ्चारकर्मीहरूले खवदारी गरिरहेका थिए ।

नेपाललाई गृहयुद्धवाट जोगाउ सिक्किम हुन जोगाउ भन्दै नेपालका सञ्चारकर्मीहरूको सुझबुझ तरिकाले समाचार प्रसारण गरेर सन्देश दिएपछि काठमाडौमा थुप्रीएका माओवादी कार्यकर्ता र काठमाडौ बासीवीचमा लडाई गराउन खोजिएको थियो । तर, यो योजना नेपालका माओवादी कार्यकर्ता र काठमाडौका बासिन्दाले बुझे र नेपालमाथि हुन लागेको षड्यन्त्र जनताले सफल हुन दिएनान् । नेपालले यस्ता खालका धेरैवटा खड्को काटदै आयो । माधव कुमार नेपाललाई माओवादीले संविधान निर्माणको समयसीमा सकिन लागेको र नयाँ संविधान नबनेमा त्यसको भागिदार माधव कुमार नेपाल हुनुपर्ने धम्की दियो । त्यसको लागि दुईतिहाई हुनुपर्ने ब्यवस्था थियो । त्यसकारण माधव कुमार नेपालले प्रधानमन्त्री पदवाट राजिनामा दिएका थिए । तर सदनमा प्रक्रिया मिलाउनुपर्दा लामो समयसम्म कामचलाउ प्रधानमन्त्री हुने अवसर माधव कुमार नेपालले पाएका थिए ।

त्यसपछि सदनमा प्रधानमन्त्री निर्वाचनमा झलनाथ खनाल र रामचन्द्र पौडेलको उम्मेद्धारी पऱ्यो । १७ पटकसम्म प्रधानमन्त्री हुन असफल रेकर्ड पनि रामचन्द्र पौडेलको नाममा किर्तिमान कायम भयो । तर झलनाथ खनाल प्रधानमन्त्री भए ।

माथि उल्लेखित सवै आन्दोलन, सत्ता परिवर्तन र ब्यवस्था परिवर्तनमा दृर्ष्य ( अदृर्ष्य रूपमा हात भने भारतकै थियो ।

भारतको चाहना नभए प्रधानमन्त्री बन्न पाइँदैन भन्ने भावना अहिले पनि प्रचुर मात्रमा छ । बिकासवादी नेपालीहरू भन्दैछन् ( जवसम्म नेपाली नेता दास मानसिकतावाट मुक्त हुदैनन् ( तवसम्म नेपालमा बिकास हुदैन । अहिले पनि नेपाल निल्नको लागि भारत सुरसाको मुख खोलेर बसेको छ । नेपाली नेताहरूलाई जनताले खवदारी गरेनन् भने नेपाल रहने छैन । सवैलाई चेतना भया ।

---

# एनआएनएले दोस्रो विश्व ज्ञान सम्मेलन आयोजना गर्ने

गैरआवासीय नेपाली सङ्घ( एनआएनए)ले आगामी अक्टोबर ९ देखि ११ सम्म (असोज २३-२५) दोस्रो एनआरएन विश्व ज्ञान सम्मेलन आयोजना गर्ने भएको छ। कोभिड-१९ भाइरसका कारण वर्तमान अवस्थामा विश्वमा उत्पन्न जटिल परिस्थिति आगामी दिनमा कस्तो रहन्छ भन्ने पक्षलाई मध्यनजर गरी भौतिकरूपमा वा अनलाइनमार्फत सम्मेलन आयोजना गरिने सङ्घले जनाएको छ। परिस्थिति समान्य बनेको अवस्थामा अक्टोबरमा काभ्रेको धुलिखेलमा अवस्थित काठमाडौँ विश्वविद्यालयमा सम्मेलन आयोजना गरिने सङ्घले जानकारी दिएको छ।

सङ्घका उपाध्यक्ष डा बद्री केसीले हरेक दुई वर्षको फरकमा सङ्घले विश्व ज्ञान सम्मेलन आयोजना गर्ने निर्णय गरेअनुरुप दोस्रो ज्ञान सम्मेलनको आयोजना गर्न लागिएको र सम्भव भएसम्म भौतिक उपस्थितिसहित कार्यक्रम गरिने वा सम्भव नभए अनलाइनका माध्यमबाट अथवा केही अनलाइन र केही भौतिक सहभागितासहित कार्यक्रम सम्पन्न गरिने बताउनुभयो।

गैरआवासीय नेपालीको ज्ञान, सीप, क्षमता र अनुभवलाई नेपालमा भित्र्याउन सङ्घले ज्ञान सम्मेलनमार्फत पुलको काम गर्दै आएको उपाध्यक्ष डा केसीले उल्लेख गर्नुभयो। "केही वर्ष अघिसम्म गैरआवासीय नेपालीको आर्थिक लगानी मात्र नेपालमा भित्रिने गरेको देखिन्थ्यो", उहाँले भन्नुभयो, "आर्थिक लगानीबाहेक गैरआवासीय नेपालीको बौद्धिक लगानीलाई समेत नेपालको विकास र समृद्धिसँग जोड्न ज्ञान सम्मेलन आयोजना हुँदै आएको छ।" दुई वर्षअघि भएको पहिलो ज्ञान सम्मेलनमार्फत श्वेतपत्र जारी गरेर नेपाल सरकार तथा सरकार सम्बद्ध निकायहरूलाई बुझाइएको उल्लेख गर्दै डा केसीले सम्मेलनमार्फत तय हुने निर्णयहरू नेपालको विकास र समृद्धिका लागि उपयोगी भएको ठहर सङ्घको रहेको बताउनुभयो। यस पटकको सम्मेलनमा प्रस्तुत हुने विभिन्न विषयसँग सम्बन्धित कार्यपत्रहरूमा विश्वभरका विषय विज्ञसहित नेपालबाट समेत सम्बन्धित विषयका विज्ञलाई जोडिने उहाँको भनाइ थियो। यसबाट कार्यान्वयनमा समेत सघाउ पुग्ने विश्वास लिइएको छ। यस पटकको सम्मेलनमा कोरोनाले नेपालमा पारेको प्रभाव र कोरोनापश्चात नेपालले अवलम्बन गर्नुपर्ने बाटोका सन्दर्भलाई लिएर विभिन्न क्षेत्रसँग सम्बन्धित विषयमा छलफल हुने बताइएको छ। सम्मेलनमा चार वटा शीर्षकमा पूरा सत्र र विभिन्न १५ शीर्षकमा गोष्ठी सत्रको आयोजना गरिने सम्मेलनका सह-संयोजक डा हरिप्रसाद दाहालले जानकारी दिनुभयो। उहाँका अनुसार डा विश्व पौडेल र रञ्जित महतोको संयोजनमा 'कोभिड-१९ इम्प्याक्ट अन नेपाल्स इकोनोमिक एण्ड पाथ अफ रिकभरी', डा द्रोण रसाइली र डा पुरु श्रेष्ठको संयोजनमो 'प्रिपेरेशन फर पानडामिक एण्ड नेचुरेल डिजास्टर रिस्क म्यानेजमेन्ट', डा उत्तमबाबु श्रेष्ठ र डा सुरेशकुमार डङ्गोलको संयोजनमा 'साइन्स टेक्नोलोजी एण्ड इनोभेसन पोलिसी इम्प्लिमेन्टेशन' तथा डा राजु अधिकारीको संयोजनमा 'रिसर्च, इनोभेसन एण्ड कमर्शलाइ जेशन' शीर्षकमा पूरा सत्रका कार्यक्रमहरू आयोजना हुनेछन्। यस्तै डा जगदीश तिम्सिनाको संयोजनमा 'एग्रिकल्चर एण्ड फुड सेक्युरिटी', डा देवी बस्नेतको संयोजनमा 'वायोमेडिकल टेक्नोलोजिस', रञ्जित महतो र अनलराज भट्टराईको संयोजनमा 'फिनान्सियल इन्भेष्टमेण्ट', डा ज्ञानेन्द्रप्रसाद जोशी र लोकराज शर्माको संयोजनमा 'लिभिराजिङ फिनटेक फर इकोनोमिक ट्रान्सफरमेशन', डा ज्ञानेन्द्रप्रसाद जोशीको संयोजनमा 'इन्फरमेशन एण्ड कम्युनिकेशन टेक्नोलोजी', डा राजु अधिकारी र डा रामेश्वर अधिकारीको संयोजनमा 'इनोभेसन एण्ड स्टारटप्स', डा तारा सिग्देल र डा नारायण अधिकारीको संयोजनमा 'इन्टरसेक्सन इन नेचुरल साइन्सेज' तथा डा द्रोण रसाइली र डा अर्चना अमात्यको संयोजनमा 'लाइफ एण्ड हेल्थ साइन्सेज' शीर्षकमा गोष्ठी सत्रको आयोजना हुनेछ। यसका साथै रतन झाको संयोजनमा 'फिजिकल इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट', डा सञ्जिव सापकोटाको संयोजनमा 'पब्लिक हेल्थ एण्ड पानडेमिक मिटिगेशन', डा कृष्ण अधिकारीको संयोजनमा 'सोसल साइन्सेज', डा विनायक भण्डारीको संयोजनमा 'सस्टेनेवल इनर्जी', डा गोपी उप्रेती र डा पुरु श्रेष्ठको संयोजनमा 'सस्टेनेवल इन्भाइरनमेण्ट', डा अम्बिका अधिकारी र किशोर थापाको संयोजनमा 'अर्वान डेभलपमेन्ट' तथा डा उत्तम गौली र डा उमा प्रधानको संयोजनमा 'भोकेशनल एजुकेशन शीर्षकमा गोष्ठीको आयोजना हुने सङ्घले जानकारी दिएको छ। सङ्घले सम्मेलनमा प्रस्तुत हुने शीर्षकमा रहेर आफ्ना अवधारणाहरू कार्यपत्रको रूपमा पेश गर्नसमेत सकिने जनाएको छ। सङ्घले सम्मेलन सम्पन्न गर्नका लागि सङ्घका अध्यक्ष कुमार पन्तसहित सङ्घका पदाधिकारी रहेको व्यवस्थापन समिति, विज्ञ व्यक्तित्वहरूको स्टेरिङ कमिटी तथा सल्लाहकार समिति निर्माण गरेको सङ्घका महासचिव तथा सम्मेलनका संयोजक डा हेमराज शर्माले जानकारी दिनुभयो। सङ्घको स्वास्थ्य समितिले आगामी सेप्टेम्बर महिनाको १८ देखि २० सम्म (असोज २-४) विश्व स्वास्थ्य सम्मेलनको समेत आयोजना गरिने जनाएको छ। अनलाइनमार्फत हुने सम्मेलनमा विश्वभर रहेका १०० भन्दा बढी नेपालीमूलका चिकित्सकहरूको सहभागिता रहने बताइएको छ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



# मेगा बैंकको १० औं बर्षको सफल यात्रा

काठमाडौ । मेगा बैंक नेपाल लिमिटेड सञ्चालनको १० बर्ष पूरा गरी ११ बर्षमा प्रवेश गरेको छ । १० औं बार्षिकोत्सवको अवसरमा बुधबार काठमाडौंमा आयोजित कार्यक्रममा मेगा बैंक नेपाल लिमिटेडका अध्यक्ष भोजबहादुर शाहले स्थापनाको १० बर्षमा बैंकले उल्लेख्य प्रगति गर्न सफल भएकोमा गौरवान्वित भएको बताउनु भएको छ । ग्राहकहरु, संस्थापक, शेयरधनीहरु, संचालक समिति, नियामक निकाय, कर्मचारीवर्ग र अन्य सरोकारवालाहरुहरुको निरन्तर सहयोग र अटुट विश्वासका कारण मेगा बैंकले सफलता हासिल गरेको उल्लेख गर्नुभएको हो । यो अवधिमा पश्चिमाञ्चल विकास बैंक र टुरिजम डेभलपमेन्ट बैंकसँगको मर्जर सम्पन्न गर्दै गत महिनामात्रै गण्डकी विकास बैंकलाई प्राप्ति गर्नु पनि मेगा बैंकको महत्वपूर्ण उपलब्धी भएको अध्यक्ष शाहले बताउनुभयो । मर्जर र



प्राप्तिका लागि ढोका खुल्ला नै रहेको जानकारी दिँदै उहाँले मेगा बैंकलाई समृद्ध र विशाल बनाउने यात्रा जारी रहेको बताउनुभयो । कार्यक्रममा मेगा बैंक नेपाल लिमिटेडकी प्रमुख कार्यकारी अधिकृत अनुपमा खुञ्जेलीले दश बर्षको वित्तिय सूचकांकलाई केलाएर हेर्दा एक दशकको छोटो समयमै विभिन्न रणनीतिक निर्णय र व्यवसायिक योजनाहरुको प्रभावकारी कार्यान्वयनका कारण मेगा बैंक देशकै अग्रणी बैंक बन्न सफल भएको बताउनुभयो । स्थापनाकालदेखि नै यस बैंकलाई सफल बनाउन हामीहरुले मेहनत गरेको बताउँदै उहाँले यो व्यावसायिक सफलताका लागि योगदान पुर्याउने सबै पक्षलाई धन्यवाद व्यक्त गर्दै आभार प्रकट गर्नुभयो । बैंक स्थापनाको १० औं बर्षलाई विशेष बर्षका रुपमा मनाउन लागिएको सिइओ खुञ्जेलीले जानकारी दिनुभयो । उहाँका अनुसार, यसका लागि बैंकले बार्षिक क्यालेन्डर बनाएर बर्षभरि नै संस्थागत सामाजिक उत्तरदायित्व लगायत अन्य विभिन्न कार्यक्रमहरु संचालन गर्ने योजना बैंकले बनाएको बताउनु भयो । 'बैंकको सफलताको श्रेय अझ बढी ग्राहक र सर्वसाधारण जनतामा रहेको मनन गर्दै बर्षभरि नै उहाँहरुलाई,त्यक्ष लाभ पुग्ने कार्यक्रम गरेर १० औं बार्षिकोत्सव मनाउने योजनामा छौं । १० औं बर्षको अवधिमा आइपुग्दा बैंकले आफ्नो सञ्चालन खर्च तथा कोषको लागतलाई न्यूनतम राखी आधारदरलाई ८.३२ प्रतिशतमा कायम राख्न सफल भएको छ । जसले गर्दा कोभिड १९ को महामारी र बन्दाबन्दीको मारमा परेका कर्जा ग्राहकवर्ग र नयाँ व्यावसाय बिस्तार गर्ने तयारीमा रहेका ग्राहकहरुलाई मेगा बैंकले सस्तो ब्याजदरमै बिभिन्न किसिमका कर्जा उपलब्ध गराउने भएको छ । यसैगरी, १० औं बार्षिकोत्सवको अवसरमा मेगा बैंकले 'मेगा टीक बैंकिङ' तथा 'मेगा बजार' जस्ता अन्यन्तै नवीनतम र आकर्षक डिजिटल बैंकिङ सेवा आरम्भ गर्ने भएको छ । आधुनिकीकरण र प्रविधिकरणलाई आत्मसात गर्दै ल्याइएको सेवाहरुले सेवाग्राहीहरुलाई अत्याधुनिक बैंकिङ सेवाका साथै आफ्नो व्यावसाय प्रबर्द्धन गर्न मद्दत गर्ने मेगा बैंकले विश्वास लिएको उल्लेख गरेको छ ।

# कर्मचारी सञ्चय कोष र एन आई सी एशिया बीच अनलाईन कारोवार

काठमाडौं । कर्मचारी सञ्चय कोष (KSK) बाट कर्जा उपभोग गरिरहेका ऋृणीहरूले साँवा ब्याजसहितको किस्ता रकम विद्युतीय माध्यमबाट भुक्तानी गर्नका निमित्त कर्मचारी सञ्चय कोष र एन आई सी एशिया बैंकबीच समझदारी भएको छ । उक्त समझदारीपत्र -एमओयु मा बैंकको तर्फबाट सहायक प्रमुख कार्यकारी अधिकृत सन्तोष कुमार राठी तथा कोषको तर्फबाट मुख्य प्रबन्धक अर्जुन कुमार गौतमले हस्ताक्षर गरेका छन् । बैंकले नेपाल क्लियरिङ्ग हाउस लि.



NHCL)सँगको सहकार्यमा कर्मचारी सञ्चय कोषबाट कर्जा सुविधा लिईरहेका ऋृणीहरूलाई सुविधाको निमित्त उपभोग गरिरहेका कर्जा बमोजिमको किस्ता रकम विद्युतीय माध्यमबाट भुक्तानी गर्न मिल्ने सुविधा ल्याउने समझदारी गरेको हो । डिजिटल बैंकिङ्ग सेवामा सेवा दिदै आएको एन आई सि बैंकले Digital First बैंक बन्ने दीर्घकालीन लक्ष्यअनुरुप नेपाल क्लियरिङ्ग हाउससँगको सहकार्यमा भुक्तानी सुविधा ल्याएको दिने सुविधा ल्याएको हो । यस व्यवस्था अन्तर्गत अब जुनसुकै बैंक तथा वित्तीय संस्थाहरूमा खाता सञ्चालन गर्न कर्मचारी सञ्चय कोषका ऋृणीहरूले नेपाल क्लियरिङ्ग हाउस लि. पोर्टल ( https://login.connectips.com/) मा लग इन गरेर Government Payment मा क्लिक गरी भुक्तानी प्रक्रिया सुरु गर्न सक्नेछन् । नगद रकम तथा चेक बोकी बैंकको शाखामा गई कर्मचारी सञ्चय कोषको कर्जाको साँवा ब्याजसहितको किस्ता रकम भुक्तानी गर्नुपर्ने वर्तमान अवस्थालाई एन आई सि एसियाको डिजिटल सुविधाले बैंक नै नगई घर तथा अफिसबाट विद्युतीय माध्यमबाट उक्त किस्ता रकम सजिलै भुक्तानी गर्न सक्नु जानकारी बिज्ञप्तिमा उल्लेख छ ।

# महालक्ष्मी विकास बैंकले सार्वाजानिक गरयो अफरहरु

काठमाडौं । महालक्ष्मी विकास बैंकले घर खरिद गर्न अथवा घर निर्माण गर्न इच्छुकहरुलाई लक्षित गरी आवास कर्जा र उद्यम गर्न इच्छुकहरुलाई लक्षित गरी उद्यमशील कर्जा अन्तर्गत विशेष कर्जा सुविधा योजना ल्याएको छ ।




बैंकले दुवै कर्जा योजनामा ऋणिका लागि ९.९९प्रतिशत व्याजदरमा कर्जा प्रवाह गर्नुका साथै कर्जा शुल्कमा विशेष छुट प्रदानगर्ने भएको छ । बैकहरुले लकडाउन पछि बिभिन्न सुविधा दिईरहेका बेला महालक्ष्मीले पनि उक्त सुविधा सर्वाजानिक गरेको हो । आवास कर्जायोजना अन्तर्गत ऋणिका लागि निर्माण लागतको शत प्रतिशत कर्जा प्रवाह गर्नुका साथै कर्जाको अवधि अधिकतम ३० वर्ष, दुई बर्षसम्म व्याज मात्र भुक्तानी गर्न सकिने,घर निर्माणमा अग्रिम कर्जा प्रवाह तथा निःशुल्क दुर्घटना वीमा जस्ता आकर्षक सुविधाहरु प्रदान गर्ने बैंकले जनाएको छ । उद्यमशील कर्जा योजना अन्तर्गत ऋणिका लागि धितो मूल्यांकनमा उच्चतम कर्जा प्रवाह गर्नुका साथै व्यवसाय सुरु गर्न अग्रिम कर्जा प्रवाह गर्ने जस्ता सुविधाहरु प्रदान गर्ने बैंकले जनाएको छ ।

# गायक सुगम पोखरेले कामना सेवामा आवाज दिने

कामना सेवाविकास बैंक लि. र नेपालको साङ्गीतिक क्षेत्रका प्रख्यात पप गायक, गीतकार तथा सङ्गीतकार सुगम पोखरेल र बैंकको बीच आधिकारिक आवाज बन्ने सम्बन्धमा आज सम्झौता सम्पन्न भएको छ । यो सम्झौता पश्चात बैंकको आधिकारिक आवाजको रुपमा गायक पोखरेलको आवाज रहनेछ । बैंकका प्रमुख कार्यकारी अधिकृत प्रविण बस्नेतले बैंकको गतिविधिहरुमा आफ्नो सुमधुर अवाज दिई बैंकको सारथीको भूमिका निर्वाह गर्ने स्वीकृति दिनुभएकोमा गायक पोखरेल प्रति हार्दिक आभार प्रकट गर्नु भएको थियो भने गायक पोखरेलले




आफूलाई यो अबसर प्रदान गरेकोमा बैंकलाई धन्यवाद दिनु हुँदै आफ्नो तर्फबाट बैंकको ख्याती एवं श्रीवृद्धिमा जस्तो सुकै सहयोग गर्ने बचनबद्धता समेत व्यक्तगर्नु भएको थियो । बिकाश बैंकको क्षेत्रमा कामना सेवा बिकाश बैकले ग्रहकहरुलाई सहज सेवा प्रदान गदै आईरहेको बैकको रुपमा परिचित छ । कोभिड-१९ को कारण देशको समग्र अर्थ व्यवस्थामा नराम्रो प्रभाव पारेको र कोभिड १९ को लकडाउनले सबैभन्दा बढि प्रभावित यातायात ब्यवसायी भएको हुंदा कामना सेवा विकास बैक लिमिटेडबाट व्यावसायिक प्रयोजनको लागि हायर पर्चेज कर्जा सुविधा लिई व्यवसाय गर्दै आएका ग्राहकहरुलाई विशेष राहत दिने उद्देश्यले साश्रण महिनको ब्याजमा कामनाले छुट दिन लागेको हो ।्उक्त योजना अर्न्तरगत यस्ता कर्जा लिएका ग्राहकहरुले २०७७ साल आषाढ मसान्तसम्मको चुक्ता भुक्तान गर्न बाँकी साँवा र ब्याज २०७७ साल श्रावण २० गते सम्म भुक्तानी गरेको खण्डमा श्रावण महिनाको ब्याज रकममा ५० प्रतिशतले छुट दिने योजना सार्वजनिक गरेको हो । साथै, आषाढ महिनासम्मको साँवा तथा ब्याज आषाढ महिना भित्रै भुक्तानी गरेका ऋणीहरुले समेत यो योजनाबाट लाभ उठाउन सक्नेछन् । यो योजनाले यातायात व्यवसायिहरुलाई अधिकतम लाभ पुऱ्याई व्यवसाय सञ्चालनमा थप सहजता पुऱ्याउने समेत बैकले उल्लेख गरेको छ ।

# मुक्तिनाथ विकास बैंकको कर्जामा भारी छुट

काठमाडौं । मुक्तिनाथ विकास बैंकले विभिन्न कर्जाहरुमा मुक्तिनाथ ग्राहक विशेष लाभ योजना नामक आकर्षक कर्जा योजना सञ्चालनमा ल्याएको जनाएको छ । त्यो योजना अन्तर्गत अधिकांश कर्जाहरुमा सीमित अवधिका लागि निम्न आकर्षक सेवा तथा सुविधाहरु प्रदान गर्ने उल्लेख छ । ४८ घण्टा भित्र कर्जा स्वीकृती गरिने नियमित किस्ता तिरेमा तिरेको ब्याजमा १० प्रतिशत छुट एक वर्षसम्म कर्जा स्वीकृत हुँदा कायम ब्याजदर परिवर्तन गरिने छैन । कर्जा सेवाशुल्क अधिकतम १ प्रतिशत मात्र विना सुरक्षण शुल्कमा Locker सुविधा बैंकको नियमानुसार शर्तहरु भने लागु हुनेछ उल्लेख गरेको छ । बैंकबाट कर्जा लिनु भएका ग्राहकहरुले २०७७ असार मसान्तको कर्जाको तिर्न बाँकी सांवा र ब्याज यही २०७७ श्रावण मसान्त सम्ममा चुक्ता गर्नुभएमा कर्जाको ब्याजदरमा २ प्रतिशत सम्मको छुट प्रदान गर्ने व्यबस्था बैंकले ल्याएको आजको जारी गरेको बिज्ञप्तिमा उल्लेख छ । मुक्तिनाथ विकास बैंकले हाल ४२ जिल्लामा १३६ वटा शाखाहरु मार्फत ग्राहकका आवश्यकता बमोजिमका सबै प्रकारका बचत,निक्षेप तथा कर्जा सेवाहरु प्रदान गर्दै आई रहेको छ । साथै, प्रविधिमा आधारित रही मोबाईल बैंकिङ्ग, क्यूआर पेमेन्ट, एटिएम, अनलाईन बैंकिङ्गलगायतका सेवाहरु पनिप्रदानगर्दै आइरहेको जनाउदै आएको छ ।

## बैकिङ्ग संसार

# एन आई सी एशिया बैंकको खाता डिजिटल सेवाबाट खोल्न सकिने

काठमाडौं । 'बैंक पनि साथी पनि, राम्रो पनि हाम्रो पनि' भन्ने मूल नाराका साथ लाखौं ग्राहक महानुभावहरूमाझ गतिशिल बैंकिङ्गको अभ्यास गर्दै आएको यस एन आई सी एशिया बैंकले समयअनुरुप परिस्कृत सेवा तथा सुविधाहरू ल्याउने क्रमलाई निरन्तरता दिँदै सेवाग्राही आफै बैंकको शाखा पुगेर डिजिटल माध्यमबाट बचत खाता खोल्न मिल्ने 'Digital Account Opening' प्रणालीको सुरुवात गरेको छ । ग्राहक महानुभावहरूले उक्त 'Digital Account Opening' प्रणालीमार्फत भौतिक फारमको सट्टा खाता खोल्नको लागि आवश्यक आफ्नो विवरण, फोटो, औंठाछाप, हस्ताक्षर लगायतका विवरणहरू डिजिटल प्रणालीबाटै भरी बचत खाता सहज तरिकाले खोल्न सक्ने व्यवस्था बैंकले गरेको छ । यस प्रणालीमा सेवाग्राहीहरूले चमत्कारिक सुविधाहरूले भरिपूर्ण ९ वटा न्यू प्रिमियम सुपर चमत्कारिक खाता योजनाहरूमध्ये आफुले इच्छाएको खाता छनौट गरी बिना झन्झट आफ्नो खाता डिजिटल रुपमा खोल्न सक्नुहुनेछ । कम्प्युटरमा दक्षता नपुगेका महानुभावहरूका निम्ति बैंककै कर्मचारीहरूको सहयोगमा डिजिटल रुपमा खाता खोल्न सकिने समेत व्यवस्था गरेको छ । जसका लागि बैंकले देशभर रहेका आफ्ना शाखा कार्यालयहरूमा छुट्टै डिजिटल लबीको व्यवस्था गरेको छ । देशको 'Digital First बैंक' बन्ने दीर्घकालीन लक्ष्यअनुरुप डिजिटल माध्यमबाट बैंकिङ्ग कारोबारलाई बढाउनुका साथै आफ्ना अधिकतम सेवाहरूलाई डिजिटल माध्यममा लैजाने क्रममा 'Digital Account Opening' प्रणाली जस्तो नवीनतम सुविधा ल्याएको छ । यसरी खाता खोल्दा ग्राहक महानुभावहरूलाई लामो फारम भर्ने तथा आफ्नो पालो कुरेर बस्ने झन्झटबाट मुक्ति मिल्ने बैंकले विश्वास लिएको छ । बैंकले यसअघि iServe प्रणालीमार्फत सेवाग्राहीले घर वा अफिसबाट आफ्नो मोबाइल, ल्यापटप वा कम्प्युटर प्रयोग गरी आफ्नो वा आफुले चाहेको यस बैंकको खातामा नगद रकम जम्मा गर्ने भौचर भर्न मिल्ने अनलाईन प्रणालीको शुभारम्भ गरिसकेको छ । यसको अलावा बैंकले मोबाइल बैंकिङ्ग सेवा नवीकरण, अनब्लक, ब्लक, तथा पिन रिसेट गर्ने एवं मौज्दात विवरण, चेक अनुरोध, ई-कमर्श दर्ता, ब्यालेन्स सर्टिफिकेट अनुरोध र स्टेटमेन्ट अनुरोध गर्नका लागि समेत अनलाईन प्रणाली iServe मार्फत सेवा दिईरहेको छ । 'Digital First बैंक' बन्ने अभिप्राय अनुसार यस बैंकले आफ्नो कार्यालयमा कागजबिहिन वातावरणको सृजना गरिरहेको छ । यससँगै बैंकले आफ्ना सेवाहरू तथा सुविधाहरू डिजिटल माध्यमबाट प्रवाह गरी नेपाल सरकारको Cashless Economy को अवधारणालाई सहयोग पुऱ्याउने रणनीति लिएको छ ।

यस बैंकका Digital Service हरू जस्तै डेबिट/क्रेडिट कार्ड, मोबाइल बैंकिङ्ग र ईन्टरनेट बैंकिङ्गका प्रयोगकर्ताहरू २२ लाख रहेको अवस्थामा बैंकले विद्युतीय भुक्तानी तथा डिजिटल सेवाहरूलाई अझ परिस्कृत बनाउदै लैजाने उद्देश्य अनुरुप विद्युतीय भुक्तानी तथा सेवागत क्षेत्रहरूमा समेत डिजिटल प्रणालीको विकास गरिरहेको छ । साथै डिजिटल भुक्तानीलाई प्रवर्द्धन गर्नका निमित्त बैंकले मोबाइल बैंकिङ्ग वा कार्डहरूमार्फत देशभरका २,५०० वटा भन्दा बढी अस्पताल, होटल तथा रेष्टुरेन्ट, डिपार्टमेन्ट स्टोर लगायतमा कारोबार गर्दा कारोबार रकमको ३० प्रतिशतसम्म छुट दिने व्यवस्था गरेको छ । बैंकलाई आम जनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंकप्रतिको भरोसाले गर्दा यस बैंकको मुलुकभर ३२६ शाखा कार्यालयहरू, ४६५ एटिएम, १०१ वटा एक्स्टेन्सन काउण्टर एवं ६४ वटा शाखा रहित बैंकिङ्गमार्फत् बैंकिङ्ग सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हो । २१ लाख भन्दा बढी ग्राहक महानुभावहरूका साथ सञ्चालनमा रहेको यस बैंकका प्रमुख वित्तीय परिसूचकहरू अत्यन्त उत्साहप्रद रहेका छन् । उत्तरदायी बैंकिङ्गको अभ्यास गर्दै आएको यस बैंकले प्रत्यक्ष र अप्रत्यक्ष गरी गत आर्थिक वर्षमा करिब रू.१ अर्ब ८७ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरिसकेको छ भने वित्तीय समावेशिकरणका लागि मुगु, कालिकोट, बझाङ, रूकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेका दुर्गम जिल्लाहरूमा तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरू नपुगेको ३४ भन्दा बढी स्थानीय निकायहरूमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ ।

# सनराइज बैंकको आन्तरिक विवाद बाहिरियो

काठमाडौं । सनराइज बैंकको सञ्चालक समितिमा भएको विवाद सतहमा पुगेको चर्चासँगै नेपाल राष्ट्र बैंकले यो विषयमा चासो दिएको छ । सञ्चालक र प्रमुख कार्यकारी अधिकृतबीच जागिर छोड्ने र छोडाउनेसम्मको विषयले चर्चा पाएको भन्दै राष्ट्र बैंकले बैंकका सञ्चालक र प्रमुख कार्यकारी अधिकृत (सीईओ)लाई छलफलका लागि बोलाएको छ ।

राष्ट्र बैंकका एक उच्च अधिकारीले दिएको जानकारी अनुसार आइतबार बैंकका अध्यक्ष, सञ्चालक र सीईओलाई टेलिफोन गरेर बोलाइएको हो । विवाद बढेर सीईओलाई राजिनामा गर्न दवावसमेत परेको समाचार बाहिरबाटै पाएपछि वास्तविक कुरा बुझ्न आइतबार बोलाइएको ती अधिकारीले बताए । 'केही सञ्चार माध्यममा विवाद भएको समाचारहरु छापिएको पायौं, केहिले त सीईओले राजीनामा नै दिएको खबरसम्म लेखिएको रहेछ' अनलाइनखबरसँगको कुराकानीमा उनले भने, 'बैंकबाट हामीलाई केहि कुरा आएको छैन, बिवादबारे बाहिर धेरै हल्ला भएपछि सत्यतथ्य के रहेछ भनेर छलफलका लागि बोलाइएको हो ।'

# अध्यारो मन पराउनेहरु



कृष्ण बहादुर बोगटी काका
धुम्बाराही ४, काठमाण्डौ
हाल चक्रबहिल १२, ललितपुर

देश डुबाई भ्रष्टाचरा गर्नेहरु धेरै पहिला देखि नै सलबालाई रहेको थिए । तिन करोड जनालार्य अठार घण्टा सम्म अध्यारो मा राखी भ्रष्टाचार गरि नातागोता मात्र पोस्ने र बाँकी रकम विदेशी बैंकमा लगी जम्मा गर्न पल्केकाहरु नेपला विद्युत प्राधिकरणमा कुलमान आय द`खि नै कुलमानलाई फसाउन ठूलो चाल चली रहेका छन । मैले २०७४ माघ १६ गते राम्रो काम गर्ने सधैं भ्रष्टाचारीमा पर्छ भनेर प्रकासित गरी सकेको छ । अहिलेपनि केही भ्रष्टाचारी हरु मिली देश र जनताको पक्षमा काम गर्नेलाई फसाउन ठूलै गिरोह लागी रहेको छ । कुलमान जि तपार्यले गरेको कुरा म र म`रा साराद देश बासी जनतलार्य मन परेको छेन भ्रष्टाचार गरेको प्रमाणित दिए झुण्डीएर मर्छु भन्नु भन्नु तपाईको कायरता हो तपार्य चोखो हुनुहुनछ तर पनी भ्रष्टाचारकिो शक्ति देखी परीचित हुनु हुदो रहेछ । तपार्यलार्य फसाउन लाग्ने धेरे शक्तिशाली धेरै ठूलो छ तपार्यले भ्रष्टाचार` गरेको हो भनेर प्रमाण बनानउ सकछन मैले पनी एउटा संस्था स.चालकलाई भ्रष्टाचारीको आरोपल मात्र लगायथे तर उसले मलार्य नै झुटो रिपोर्ट तयार गर्रा जेलै समेत हाली दियो त्यो थियो पुर्व एमलोको झोले । कुलमान जी शक्ति देखी टाडै बसी सजक रहनु होला तर पनि तपाईको साथ दिने धेरे छन । सिमिति भ्रष्टाचारले र उ पनि हल्लाउन सकद्येन सारा देश अध्यारो पारी भ्रष्टाचार गर्ने लाई अब जनतलो नै कार्वाही गर्नुपर्छ । सरकारले केही गर्देन । सरकारले त आफ्ना कार्यकर्ता मन्त्रीहरु फस्छन की भर्ना अख्यितार सम्पत्ती सुद्धिकरण जस्ता संस्था अपफै संग राखेको छ ।कुनैपनि कार्यकर्ता सभासद मन्त्री कैल्ले फस्ने छैन । कसैले प ्माणित गरी हलो प्र.म. अपफै न्यायाधिस भै सफाई दिनुहुन५ । अहिले देशमा सरकरा भन्दा कोही पनि माथी छैन । संधिवान पनी सरकार भन्दा तल छ । किनभने प्रम भन्दा शक्तिसाली नेपालमा न्यायालय अखियतार मानव अधिकार आयोग पत्रकार मेडिया सबैलाई थिचोमिचो गरि नै रहेको देखिन्छ। अबको चार बर्ष सम्मलार्य सरकरा ले जनता चिन्दैन कम्युनिष्ट भनेर खोक्नेहरु हो । कम्युनिष्टका ब्यवहार देखाउनु पर्छ । एक पटकमा अख्तियार को पाठकले ७८ लाख घुस खाए त्यस्तो त कति पटक खाए होलान तर ७८ लाख ने धरोटी लिई छाडी नुको कारण के होला । २० करोड अकुत सम्पर्त भन्ने एक करोड जरिवाना गरी छाड्नो लेत भ्रष्टाचारीलाई प्रोत्साहन गरेको देखिन्छ । अब एक करेडो खाय पाँच करोड असुल्न पर्छ अरुपछि लेखौला । जय नेपाल ।

# दामोदर ढकालको उपन्यास ‘रक्षा’



तेजप्रकाश बानियाँ
पूर्व सहायकरथी

दामोदर ढकाल उर्फ ‘दीपक’ केहीवर्ष अगाडिदेखि नेपाली साहित्यको क्षितिजमा आक्रामक रूपले अगाडि बढ्दै गएको नाम हो । उनलाई साहित्य लेखन मात्र नभई समाजसेवामा पनि समान रुचि छ । नेपालको विकट जिल्ला, भोजपुर, याकुमा २०३५ साल श्रावण २७ गते बाबा कृष्ण प्रसाद ढकाल र आमा राधा देवी ढकालका साहिला पुत्ररत्नको रूपमा जन्मिएका ढकालको कर्मथलो काठमाडौं बनेको छ । उनी साहित्य साधनामा तल्लिन त छन् नै । तर त्यतिकै चासो साहित्य प्रकाशन र संवर्द्धनमा पनि छ । नवप्रवेशी साहित्य प्रेमीहरूलाई त्यस क्षत्रमा पहुँच सुगमबनाउन उनले पव्लिकेशनको काम पनिगर्दै आएका छन् ।

यसरी वहुआयामिक प्रतिभाका धनी ढकालको कलम,कथा, कविता, हाइकु, निबन्ध, मुक्तक, गजल, उपन्यास आदि विधाहरूमाएकनासले चल्छ । उनको उपन्यासतर्फ यो चौथो सामाजिक उपन्यास हो । यस अगाडि ‘रत्नपार्ककी रञ्जु’,‘त‘र बाल उपन्यास ‘तुलसी र ज्योतिषि‘समेत तीनवटा उपन्यास प्रकाशित भई निकै चर्चा बटुल्न सफलभएका छन् । तीमध्ये पहिलो र दोश्रो उपन्यासहरूको दोस्रो संस्करण पनिबजारमा आइसकेको छ । पहिलो उपन्यास बाटै उनी सफल सात्यिकारमा परिचित भइसकेछन् ।

भ्याए सम्म आजको काम भोलि नभन्ने सोचाई राख्ने दामोदर ‘बोल्यो कि पोल्यो’ भने जस्तो जुझारु प्रकृतिका छन् । उनको अन्तर्हृदयमा कुनै काम गरौं भन्ने लागेपछि त्यसलाई ‘पछि हेरौला अनुकुलमा गरौला‘ भनेर रोक्न सकिदैन । त्यो कामलाई मूर्त रुप दिने बानी छ । उनी अत्यन्त मिहिनेती र लगनशील छन् । विशेष गरेर देश र समाज रुपान्तरणका लागि चिन्तित छन् ।

उनको यो चौथो उपन्यास‘रक्षा’ मेरो हात पऱ्यो । कभरको अग्र भागमा लेखकको नाम, बीचमा विवसतामा फसाएर कसैले भुत्ल्याएर छोडेजस्तो नग्न अवस्थामा रहेकी युवतीघुँडामा मुख लुकाएर आफ्नो लाजलाई तलबाट दुइ हात र माथीबाट कपालको झाँकाले ढाकेरबसेको तस्बीरले विद्यमान कुरीतिमा जकडिएको समाजले नारी प्रति देखाउने व्यवहार छर्लङ्ग हुने र उपन्यासले समेटेको विषय वस्तु, कभर पेज र शीर्षकको प्रतिनिधित्व गरेको छ ।

गौरी पब्लिक रिलेसन एन पब्लिकेशनले बजारमा ल्याएकोयो उपन्यास, सानो साइज र छोटो देखिए पनि उपन्यासमा सामग्रीहरूको परिपक्वताले गर्दा यो नून, पीरो, अमिलो र मसला ढ्वाक्क पुगेको अचार जस्तो छ । उपन्यासमा हुनु पर्नै अन्तर्वस्तुको प्रस्तुति राम्रो छ। पुस्तकको शूरुमा विद्वान् शिव शर्माले ूरक्षालाई नियाल्दाूशीर्षकमा ब्यक्त गर्नुभएको विचारले पुस्तकको ओज अझै बढेको छ ।

दामोदर ढकाल नेपाली साहित्य जगतमा उदाउँदो ताराको रूपमा परिचित हुँदै गएका छन् । अहिले समयको जवाना छ । समय बलवान छ । समयले कसैलाई पर्खदैन । दामोदर ढकाल यस मामिलामा चतुर छन् । वर्तमान भागदौड, कोलाहल र व्यस्त पाठकको मनसाय बुझेर भद्धा लेखाई भन्दा उपन्यासको मर्मलाई नबिगारी उपयुक्त साइजमा लेख्ने गरेका छन् । कथा, कविता, उपन्यास कस्तो चाहिन्छ भन्ने मानेमा कालिमपोङ्गका चर्चित साहित्यकार पारसमणि प्रधान (वि सं १९५५ पौष–२०४२ माघ) सँग ढकालको बिचार मिल्दो छ। प्रधान भन्नुहुन्छ

कवि कविता होस,कविता कवि होस्,
कविता तव पो हुन्छ
शब्द थुपारी कन के हुन्छ ?
भाव भएपो हुन्छ ।

यस उपन्यासमा देशको सेवा गर्न बसेका सरकारी निकायर अन्य स्थानका उच्च ओहदा ओगटेका व्यक्तिहरूलाई सचेत गर्ने प्रयास गरेकाछन् । धेरैवर्ष देखि नेपालको अर्थतन्त्रमा ठूलोहिस्सा बैदेशिक रोजगारीबाट प्राप्त रेमीट्यान्स्ले ओगटेको छ। यसलाई सरकारले बुझेको पनि छ। तर पनि यसमा अनियमित गरी दसौं लाख असुलेर नक्कली सर्तनामा गरेर भएपनि राम्रो कामको प्रलोभन देखाएर बिदेश पठाउदा कतिको खतरा पूर्ण काममा परेर ज्यान जाने, युवतीहरू विभिन्न यातनामा परेर मानसिक सन्तुलन गुमाउने जस्ता धेरै कारण भएपनि, त्यसबाट अरबौं कमाउने, एजेण्ट, दलाल र मेनपावरलाई कारबाही नहुनु बिडम्बना हो ।जतिसुकै विज्ञापन, सूचना, बडापत्र आदिद्वारा प्रचार प्रसार गरे पनि भ्रष्टाचार रोक्न नसकेकोमा लेखक चिन्तित छन् । २२ अध्यायको उपन्यास मा छेउकुना मिलाएर सबै जसो अध्यायमा गद्य कविताले स्थान पाएको छ । ती कविता मार्फतभ्राटाचार सँग सम्बधि र जङ्गे पिलर समेत यताउता पार्नसक्ने निकायलाई झट्टुदिएका छन् । निस्वार्थ भावले समाजसेवा गर्नमा ज्यादै आनन्दि जीवन देख्ने ढकाल साहित्य साधनामा बोल्नेभन्दा कलम चलाउने बानी छ । साहित्यमा छिटै प्रगति गरेका यी लेखक धेरै विधामा कलम चलाउँछन् । उनमा सबैभन्दा अचम्म लाग्ने त के छ भने यति सम्म हुँदा पनि सर्वसाधारण जनमानसमा चेतनाको स्तर वृद्धि नभएको देखेर अलमल्ल परेका छन् । लेखक आफू सादा जीवन उच्च विचारका धनी देखिन्छन् । उनका यस खालको सोचाइले सधैं निरन्तरता पाइरहोस् र आगामी दिनहरूमा पनि यस्तै गहकिला पुस्तकहरू प्रकाशन गराई पाठकवर्गले पढ्ने अवसर पाऊन् भन्न शुभकामना साथ कलम बन्द गरें ।

# महिलाहरु समस्या होईनन् सम्भावना हुन्



बल बहादुर नेपाल

रामेछाप । कोरोनाको संक्रमणवाट नेपालको अर्थतन्त्रमा असर त परेको छ नै त्यो सँगसँगै नेपालका आधाभन्दा बढी जनसंख्या ओगटेका महिलाहरुमाथि यहि समयमा धेरै शोषण, दमण, उत्पीडन जस्ता घटनाहरु भएका छन् । पछिल्ला घटनाहरुले त्यस्तै देखाउछ । सम्बन्धित निकायले महिलामाथि हुने हिंसा, परेका उजुरी र गर्नपर्ने अनुसंन्धानको बिषयमा खासै परिणाममुखी काम गरेको देखिदैन ।

महिला अधिकारको क्षेत्रमा काम गर्ने भनेर खोलिएका संघ/संस्थाहरुले कुनै कार्यक्रम गरेर ठुला होटलमा पहुचवालाहरुलाई बोलाई ताली पडकाउनु बाहेक महिलाको उत्पीडन, शोषण, दमण, घरेलु हिंसा जस्ता बिषयमा काम गरेको देखिदैन । सदा उत्पीडनको जीवन बिताउन बध्य भएका देखिन्छन् । यो अत्यन्तै चिन्ताको बिषय हो । नेपालमा रोजगार सृर्जना नहुदा नेपाली दिदीबहिनीहरुले बिदेशमा समेत गएर अनेक खालका दुख: पीडा अप्ठ्यारो महसुस गर्नु परेको छ । अहिले कोरोनाको कारणले कतिपय महिलाहरु बिदेशमा अलपत्र पर्दा समयमा उद्धार हुन सकेको छैन । जसको पहुच छ उनिहरुको उद्धार भएको छ । पहुच नहुनेको अवस्था निक्कै गम्भिर भईरहेको छ ।

यस्तै घटनाहरु भईरहेमा नेपालका महिलाहरु गाउँदेखि शहरसम्म आन्दोलित हुनेछन् । यस्ता बिषयहरु राज्यले समयमा नै बुझेर सम्वोधन गर्न जरुरी छ । नेपालका महिलाहरुले अवसर पाएभने गर्न सक्छन् भन्ने उदारणहरु पनि छन् बिश्वको अग्लो सगरमाथा आरोहण गरेर सफल स्वर्गीय पाशाङ लमु शेर्पा, देखि अहिले नेपालको राष्ट्रपति बिद्यादेवी भण्डारी सम्मका महिलाहरुले नेपालमा अवसर प्राप्त गर्दा महिलाले पनि काम गर्न सक्छन् अवसर सृर्जना गर्दा नेपालमै महिलाहरुले उन्नति गर्न सक्छन् । यस्ता उदारणहरुलाई लिएर नेपालका महिलाहरुको लागि योजना बनाउन सक्यौ भने महिला उत्पीडन, हिंसा, कम गर्न सकिन्छ । महिलाहरुलाई रोजगारी बनाईदिए पछि आम्दानी गर्छन आम्दानीको स्रोत भयो भने आफ्नो खुट्टामा आफै उभिन सक्छन् ।

# रामेछाप डायरी

## रामेछापमा मास्क नलगाउनेलाई पक्राउ गर्ने

रामेछाप । अब रोमछाप जिल्लामा पनि मास्क नलगाई घरबाहिर हिँडडुल गर्नेलाई कारबाहि गरिने रामेछापका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले बताउनुभयो । लकडाउन खुल्लाभयो भनेर धेरै जना मास्क विना नै बजारहरुमा ओहोरदोहोर गर्ने गरेको र जसका कारण संक्रमण फैलन सक्ने जोखिम रहेकाले अब जिल्लामा पनि मास्क नलगाईकन हिँड्न नपाईने प्रजिअ शर्माले बताउनुभयो । नागरीकहरु आफै सचेत बन्नुपर्ने बताउँदै प्रजिअ शर्माले भिडभाड नगर्न , बजारहरुमा निस्कदा मास्क लगाउन आग्रह गर्नुभएको छ ।

प्रहरी प्रशासनले मास्क नलगाउनेहरुलाई मास्क लगाउन आग्रह गर्दै सम्झाई बुझाई गर्ने गरेको छ । आजकै दिनदेखि भिडभाडमा मास्क नलगाई हिँड्नेलाई सङ्क्रामक रोग ऐन २०२० अनुसार एक सय रुपैयाँ जरिवाना तिराउने जिल्ला प्रशासन कार्यालयले जनाएको छ । लकडाउन खुकुलो भएसँगै कोरोनाको संक्रमण बढ्दै गएपछि सरकारले सुरक्षा प्रोटोकल कार्यान्वयनमा कडाइ गरेको हो । घरबाहिर निस्कँदा सामाजिक दूरी कायम गर्दै मास्क नलगाउनेलाई पक्राउ गरी कारबाही गर्न गृह मन्त्रालयले मातहतका निकायलाई निर्देशन दिएको छ । संक्रमण बढ्दासमेत सुरक्षा मापदण्ड पालना नभएपछि गृह मन्त्रालयले ७७ जिल्लाकै प्रशासन कार्यालय र प्रहरीलाई पत्राचार गरी कडाइ गर्न निर्देशन दिएको हो ।

## रामेछाप हिलेपानी भालुखोप सडक कालोपत्रै हुँदै

रामेछाप जिल्लाको रामेछाप नगरपालिकाको गौरवको योजना अन्तर्गत वडा नम्बर ७ मा पर्ने हिलेपानी भालुखोप सडक खण्ड अन्तर्गत ३ किलोमिटर सडक कालोपत्रेको काम अगाडि बढेको छ। अहिले सडक कालोपत्रे गर्नका लागि धमाधम काम भैरहेको वडानम्बर ७ का वडाअध्यक्ष समीर कार्किले जानकारी दिनुभयो । जम्मा १ करोड ५९ लाख लागतमा बाग्मती प्रदेशको ८४ लाख र बाँकी रामेछाप नगरपालिकाको लगानिमा कालोपत्रे हुन लागेको सडकलाई निकै चासोका साथ हेरिएको छ । सवारी साधन आवतजवत गर्न असाध्यै अप्ठ्यारो घाम लाग्दा धुलो र पानि पर्दा हिलो हुने सडक कालोपत्रे हुने भएपछि यहाँका स्थानियहरु खुशी भएका छन ।

साथै ओखेनी , हिमगंगा , कुशबसेरी सडक स्तरउन्नतीको काम पनि सोही रकम १ करोड ५९ लाख भित्रैबाटै हुने पनि वडाअध्यक्ष कार्किले बताउनुभयो । सो सडक स्तरउन्नतिको काम पनि जारी छ ।

## रामेछाप जिल्लाका २० जना अझै बेपत्ता

रामेछाप जिल्लाका २० जना अझै बेपत्ता छन । महिला १५,बालक ४ र बालिका १ सहित २० जना अझै बेपत्ता रहेको जिल्ला प्रहरी कार्यालय रामेछापले जानकारी दिएको छ ।

जिल्ला प्रहरी कार्यालय रामेछापले गएको आर्थिक वर्ष २०७६/०७७ मा गरेको कार्यसम्पादनका बारेमा बुधबार पत्रकार भेटघाट कार्यक्रमको आयोजना गरी यस्तो जानकारी दिएको हो । जिल्ला प्रहरी कार्यालय रामेछापका प्रमुख प्रहरी नायव उपरिक्षक बसन्त पाठकका अनुसार जिल्लाका विभिन्न ठाउँका महिला ५१ , बालक १०, बालिका १५ जना गरि ७५ जना हराएकोमा महिला ३६ जना ,बालक ६ जना र बालिका १३ जना गरी ५५ जनालाई फेला पारिएको छ । एक वर्षको समयावधिमा घरेलु हिंसाका ३७ वटा उजुरी परेको , ५० जनाले आत्महत्या गरेको , जिल्लामा १६ वटा जवरजस्ती करणीका घटना घटेको नायव उपरिक्षक पाठकले बताउनुभयो ।

## रामेछाप जिल्लाका ५६ जना क्वारेन्टिनमा

रामेछाप जिल्लाको विभिन्न पालिकाहरुमा आजसम्म ५६ जना क्वारेन्टिनमा रहेका छन । ३ जना महिला र ५३ जना पुरुष गरि ५६ जना क्वारेन्टिनमा रहेको स्वास्थ्य कार्यालय रामेछापका निमित्त प्रमुख जितेन्द्र कर्णले जानकारी दिनुभयो । उहाँका अनुसार अनुसार मन्थली नगरपालिकामा २६ , रामेछाप नगरपालिकामा ३ , गोकुलगंगा गाउँपालिकामा १२ , दोरम्बा गाउँपालिकामा ७ , लिखुतामाकोशी गाउँपालिकामा २ र सुनापति गाउँपालिकामा ६ गरी जिल्लाभर ५६ जना क्वारेन्टिनमा रहेका छन् ।

जिल्लामा अहिलेसम्म ८९ बेडको आइसोलेशन कक्ष र ५ सय ९ बेडको क्वारेन्टिन कक्ष स्थापना गरिएको छ ।

## रामेछाप बजारमा सिसी क्यामेरा जडान गर्ने तयारी

रामेछाप । रामेछाप नगरपालिकाका नगर उपप्रमुख सृजना खड्काले नगरपालिकालाई थप सुरक्षित बनाउन सिसी क्यामेरा जडानको कामलाई अगाडि बढाउने बताउनुभएको छ । उहाँले नगर कार्यपालिकाको बैठकमा सिसी क्यामेरा जडानको विषयमा छलफल गरेर निर्णय गरिने बताउनुभएको हो ।

जिल्ला प्रहरी कार्यालय रामेछापले जिल्लाका मुख्य बजार क्षेत्र र सीमा नाकामा सिसी क्यामेरा जडान गर्ने अवधारणा अगाडि सारेपछि खड्काले रामेछाप बजार र साँघुटार बजार क्षेत्रमा सिसी क्यामेरा जडान गर्ने बताउनुभएको हो ।

उहाँले भन्नुभयो,‘सिसी क्यामेरा जडान गर्ने विषय नगरपालिकाले सोच्दै आएको विषय हो, अब हामी छिट्टै निर्णय गरेर तत्काल सिसी क्यामेरा जडानको काम अगाडि बढाउछौं ।’

नगरपालिकाभित्र अपराधिक क्रियाकलाप हुन नदिन सिसी क्यामेरा सहयोगी हुने भएकाले प्रहरीले निगरानी गर्ने गरी सिसी क्यामेरा जडानको काम अगाडि बढाउने खड्काले बताउनुभयो ।

## खिम्ती खोलाको झोलुङ्गे पुलबाट हामफाल्दा एक वृद्धको मृत्यु

रामेछाप र दोलखा जिल्लाको सिमानामा पर्ने खिम्ती खोलाको झोलुङ्गे पुलबाट हामफालेर एक वृद्धले आत्महत्या गरेका छन । दोलखाको जिरी नगरपालिका २ रजनटोल बस्ने बर्ष ६० का लाल बहादुर बस्नेतले बुधबार पुलबाट हामफालेको स्थानियले देखेपछी प्रहरीलाई खबर गरेका थिए ।

स्थानियको खबर पाउन साथ इलाका प्रहरि कार्यलय जिरी बाट प्रहरि निरिक्षकको कमाण्डमा ५ जनाको टोली र प्रहरि चौकि शिवालय रामेछापबाट प्रहरि सहायक निरिक्षकको कमाण्डमा २ जनाको टोली खटेर गई उक्त वृद्धको खोजतलास गर्दै जाने क्रममा हामफालेको ठाउंदेखी अंन्दाजी २ किलोमिटर दक्षिण तर्फ खिम्ति खोलाको भंगालोको बिचमा तैरिरहेको अबस्थामा उनको शव फेला परेको जिल्ला प्रहरी कार्यलय रामेछापले जानकारी दिएको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



# उद्योगकै डरले सङ्गठित छैनन् चिया श्रमिक

किरण पौड्याल

इलाम । भनिन्छ, एकतामा बल हुन्छ । यसमा पनि श्रम गरेर खानेलाई त एकता हुन जरूरी नै हुन्छ । अधिकारका लागि लड्न श्रमिक एकजुट हुन आवश्यक हो तर, चिया क्षेत्रका श्रमिक भने अझै सङ्गठित हुन सकेका छैनन् । अधिकांश श्रमिक सङ्गठित नहुनुको कारण आफनै उद्योग हो ।

श्रमिक सङ्गठित हुँदा तोकिएको ज्याला दिनुपर्ने, सेवासुविधा बढाउनु पर्ने लगायतका 'हैरान' खेप्नुपर्ने भएकाले श्रमिकलाई उद्योगीले एकताबद्ध हुन नदिने श्रमिकको गुनासो छ । श्रमिकका हक हितका लागि श्रम सङ्घ/सङ्गठन कार्यरत छन् । उद्योगीले अहिले आबद्ध हुनै नदिने गरेको अखिल नेपाल ट्रेड युनियन महासङ्घ इलामका अध्यक्ष उमेश रेग्मी बताउनुहुन्छ ।

आफूहरु सङ्गठन विस्तार गर्न उद्योगमा जाँदा उद्योगीले 'पार्टीगत स्वार्थ लुट्न आएको' आरोप लगाउने कारण सङ्गठन विस्तार गर्न गाह्रो परेको उहाँले जानकारी दिनुभयो । "हामी पार्टीकै राजनीति सिकाउन खोजे झै गर्छन् । त्यही भएर एकताबद्ध हुन सकेनौं ।" उहाँले भन्नुभयो, "श्रमिक त सङ्गठनमा आउन चाहनुहुन्छ तर, उद्योगकै डरले सङ्गठित हुन सक्नुहुन्न ।" आर्थिक स्थिति कमजोर भएकाले श्रमिकले उद्योग छाडेर अर्कातिर काम गर्न सक्दैनन् भने एकताबद्ध नहुँदा उद्योगविरूद्ध आवाज उठाउन पनि । 'कम सेवासुविधामा काम लाउन बाध्य'बनाउने उद्योगीले तोकिएको ज्याला त दिंदैनन् नै सोध्न जाँदा श्रमिककै सङ्ख्या लुकाइदिन्छन् । उद्योगमा कार्यरत श्रमिकका बारेमा सोध्दा अधिकांश उद्योगले 'साह्रै कम्ती' श्रमिक मात्र देखाउने गरेका छन् । चिया क्षेत्रमा स्थायी, अस्थायी र मौसमी श्रमिक रहने गर्दछन् तर, उद्योगले श्रमिकलाई सेवासुविधा दिनुपर्ने भएकाले स्थायी श्रमिकलाई मात्र देखाउने गरेका छन् । "उद्योगमा काम गर्ने श्रमिक २० वर्षभन्दा माथि काम गर्ने पनि हुनुहुन्छ तर, स्थायी नबनाएकाले कहिल्यै नाम आउँदैन ।" अध्यक्ष रेग्मीले भन्नुभयो ।

वर्षको १० महिना जति मात्र चियाको मौसम हुने भएकाले अस्थायी र मौसमी श्रमिक राख्नु पनि नौला विषय त होइन । लामो समय उद्योगमै कार्यरत श्रमिक अहिलेसम्म गुमनाम बनेका छन् । लामो समय उद्योगमै काम गरे पनि स्थायी हुन नसक्दा धेरै श्रमिक उद्योगले दिएको पारिश्रमिकमै पनि काम गर्न बाध्य रहेको नेपाल कृषि तथा बगान क्षेत्र श्रमिक सङ्घका अध्यक्ष रमेश खड्का बताउनुहुन्छ ।

बगानमा काम गर्ने श्रमिकलाई सङ्गठित गर्न सहज भए पनि उद्योगमा कार्यरतलाई भने सकस पर्ने गरेको उहाँले जानकारी दिनुभयो । "धेरैजसो त सङ्गठित नै छन् तर केही केही चाहिँ आउनै सक्दैनन् ।" उहाँले भन्नुभयो । छोटो समय मात्रै काम गर्ने श्रमिकलाई त सङ्गठित हुन त्यति जरूरी पर्दैन तर लामो समय चिया क्षेत्रमै कार्यरत श्रमिकले पनि अहिले तोकिएको सेवासुविधा र पारिश्रमिक पाएका छैनन् । त्यसका लागि पनि श्रमिक एकजुट हुनु आवश्यक हो तर, उद्योगले 'कानूनसँगै नटेर गरेर' श्रमिक 'मार्ने' काम गरेका उदाहरण धेरै छन् । कानूनतःअधिकार लिनका लागि पनि सङ्गठित हुनु आवश्यक रहेको बताउनुहुन्छ नेपाल चिया बगान श्रमिक सङ्घका केन्द्रीय अध्यक्ष दीपक तामाङ बताउनुहुन्छ । उद्योगीका यस्तै प्रविधिले गर्दा अहिले चिया क्षेत्रका धेरै श्रमिक अन्यन्त्र काम गर्ने गरेका छन् । यसैले पनि उद्योगमा श्रमिकको अभाव रहँदै आएको छ तर, पनि उद्योगीले श्रमिकका समस्या नबुझ्ने गरेका छन् । तोकिएको पारिश्रमिक र सेवासुविधा पाउनुपर्ने भन्दै श्रमिकले पटक-पटक आन्दोलन समेत गर्नुपरेको छ । श्रमिकले आन्दोलन गरेर काममा नआउँदासम्म पारिश्रमिक दिने आश्वसन दिए पनि सेवासुविधा घटाउने समेत गरिएको छ । गएको वर्ष मात्रै पनि नयाँ श्रमजीवी नियमावलीमा भए अनुसारको पारिश्रमिक र सेवासुविधा दिनुपर्ने भन्दै आन्दोलन नै गर्नु पर्‍यो । करिब १५ हजार श्रमिक जिल्लाभर कार्यरत रहेकामा पाँच हजारमात्र स्थायी गरिएको चिया श्रमिक उमेश रेग्मीको भनाइ छ । "काम र क्षमताका आधारमा स्थायी गर्दै जानुपर्ने हो तर, लामो समय काम गर्दा पनि अस्थायी दरबन्दीमै काम गरिरहनुपरेको छ ।" उहाँले भन्नुभयो, "उद्योगीले चियाबाट राम्रै आम्दानी गरे पनि श्रमिकले भने हातमुख जोड्न पनि गाह्रो छ ।"

उहाँका अनुसार धेरैजसो सङ्गठनमा नेतृत्वदायी क्षमता नभएका श्रमिक भएर पनि सङ्गठन विस्तार हुन सकेका छैनन् भने सङ्गठनमा लागे कामबाट निक्लिनु पर्ने डरले पनि श्रमिक असङ्गठित भएका हुन् ।

**के छ त कानूनमा ?**

श्रम ऐनको परिच्छेद २ मा उल्लिखित पारिश्रमिक वा सुविधाभन्दा कम पारिश्रमिक वा सुविधा लिने दिने गरी वा यस ऐनमा उल्लिखित शर्त विपरीत हुने गरी रोजगारदाता तथा श्रमिकबीच रोजगार सम्झौता भएको रहेछ भने त्यस्तो रोजगार सम्झौता यो ऐन विपरीत भएको मानिनेछ भनेर लेखिएको छ । त्यस्तो भएमा रोजगार सम्झौता बदर हुनेसमेत प्रावधान लेखिएको छ ।

राजपत्रमा श्रमिकको न्यूनतम मासिक ज्याला रू छ हजार ४६९ र महँगी भत्ता रू चार हजार ३८१ तोकिएको छ । त्यस्तै नियमावलीअनुसार थप समयको अतिरित्त पारिश्रमिक पाउनुपर्ने, बीमा सुविधासमेत पाउने अधिकार छ ।

यस्तै, दुई वा दुईभन्दा बढी श्रमिक रहेमा सङ्गठन खोल्न पाउने प्रावधान छ तर, त्यो प्रावधान चिया क्षेत्रमा भने कार्यान्वयनमा आएको देखिँदैन । जिल्लामा अहिले पनि नेपाल चिया बगान श्रमिक सङ्घ, अखिल नेपाल कृषि तथा बगान क्षेत्र श्रमिक सङ्घ लगायतका सङ्गठन रहेका छन् भने छाता सङ्गठनका रूपमा अखिल नेपाल ट्रेड युनियन महासङ्घ छ । यी सङ्घमा करिब १० हजार श्रमिक मात्र सङ्गठित छन् भने अन्य श्रमिक भने अझै असङ्गठित नै छन् ।

चिया श्रमिकले ज्याला वृद्धिका लागि करिब तीन दशकदेखि आन्दोलन गर्दै आएका छन् । जिल्लामा विसं २०१६ देखि चिया खेती शुरू भएको इतिहास छ ।


## आयुर्वेदिक उपचारको पहिलो रोजाइ
## विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

*हाम्रा सेवाहरु*

ग्याष्ट्रिय, अल्सर, गानोगोला, जन्डिस, पाइल्स, हातखुट्टा झमझमाउने, दुख्ने, हडडी खिएको, युरिक यसिड, बाथ रोग, दम, खोकी, पिनास, अनिन्द्रा , डिप्रेशन, मृगी प्यारालाइसिस, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघरको बिना अप्रेशन उपचार, यौन दुर्लवता सिघ्र स्खलन, बाझोपन पिसाब पोल्ने, धातु रोग, प्रोस्टेट, पत्थरी छाला सम्बन्धि रोग, उच्च रक्तचाप, मधुमेह, थाइराइड लगायतका सम्पुर्ण रोगको दक्ष आयुर्वेद चिकित्सकवाट सफल उपचार गरिन्छ ।

**नोटः** यहाँ बिना अप्रेशन क्षारशुत्र विधिद्धारा पाइल्स, फिस्टुला, फिसरको सफल उपचार गरिन्छ । गुणस्तरीय स्वास्थ्य सेवाको एक मात्र ठाउँ

## विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

**लाइन्स चोक, नारायणगढ, चितवन**

सम्पर्क पैशा नलाग्ने टोल फ्रि नं. १६६०५६५८०००

फोन न. ०५६ : ५७०४६८

फोनवाट पनि नाम दर्ता गर्न सकिने छ ।



# महिलामाथि हिंसा गर्नु कुनै पुरुषार्थ होइन, लज्जा हो

# महिलामाथि हिंसा गर्नेलाई बहिष्कार गरौं ।

नेपाल सरकार

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

**सूचना तथा प्रसारण विभाग**


## अन्तराष्ट्रिय समाचार

### बंगलादेशमा कोभिड-१९ संक्रमितको संख्या दुई लाख २३ हजारभन्दा बढी

बङ्गलादेशमा कोभिड-१९ का कारण थप सङ्क्रमितको सङ्ख्या आइतबार दुई हजार २७५ पुगेको छ । यससँगै बङ्गलादेशमा सङ्क्रमण पुष्टि हुनेको कूल सङ्ख्या दुई लाख २३ हजार ४५३ पुगेको बताइएको छ । स्वास्थ्य मन्त्रालयका वरिष्ठ अधिकारी नसिमा सुल्तानाले आइतबार सञ्चारकर्मीहरूसँग भन्नुभयो, बङ्गलादेशमा विगत २४ घण्टामा थप ५४ कोभिड-१९ सङ्क्रमितको मृत्यु भएको र दुई हजार २७५ नयाँ विरामीमा सङ्क्रमण पुष्टि भएको छ । योसँगै बङ्गलादेशमा कोभिड-१९ को महामारीका कारण मृत्यु हुनेको सङ्ख्या दुई हजार ९२८ पुगेको छ भने दुई लाख २३ हजार ४५३ व्यक्ति सङ्क्रमित भएका छन् ।

बङ्गलादेशले विगत २४ घण्टामा १० हजार ७८ व्यक्तिको कोभिड-१९ परीक्षण भएको उल्लेख गरिएको छ । अहिलेसम्म निको भई घर फर्किने सङ्क्रमितको सङ्ख्या एक लाख २३ हजार ८८२ रहेको आइतबार मात्रै एक हजार ७९२ जना निको भएका उहाँले बताउनुभयो । अधिकारीका अनुसार बङ्गलादेशमा कोभिड-१९ सङ्क्रमितको मृत्यु दर १.३१ प्रतिशत रहेको र अहिलेसम्म ५४.४४ प्रतिशत सङ्क्रमित निको भई घर फर्किसकेका बताइएको छ ।

### भिटामिन डीको कमी भएमा कोरोनाभाइरस संक्रमण

इजरायली अनुसन्धानकर्ताहरूको एक अध्ययनले रगतमा भिटामिन 'डी'को कमी भएका व्यक्तिमा कोरोना भाइरस सङ्क्रमणको खतरा बढी रहने देखाएको छ । लिउमिट स्वास्थ्य सेवा तथा बार इलान विश्वविद्यालयको अध्ययन सार्वजनिक गर्दै एफइबीएस नामक स्वास्थ्य सम्बन्धी पत्रिकालाई उद्धृत गर्दै आइतबार इजरायली अधिकारीहरूले उक्त कुरा बताएका हुन् । अनुसन्धानकर्ताहरूले भने, कोरोनाभाइरस र भिटामिन 'डी' परीक्षण गरिएका लिउमिट समूहका सात हजार ८०७ व्यक्तिहरू मध्ये जसको र परीक्षणका क्रममा भिटामिन 'डी' को कमी थियो उनीहरूमध्ये धेरै सङ्क्रमित थिए । उक्त समूहले भिटामिन 'डी' को कमी देखिएकामध्ये १०.१ प्रतिशत व्यक्ति कोरोनाभाइरसबाट सङ्क्रमित पाइएको बताएको छ । सङ्क्रमण नदेखिएका व्यक्तिकोभन्दा सङ्क्रमण देखिएका व्यक्तिमा भिटामिन 'डी' को मात्रा स्वभाविक धेरै भेटिएको थियो । अनुसन्धानले प्रतिमिलिलिटर ३० नानोग्राम भिटामिन 'डी' भएका व्यक्ति सजिलै सङ्क्रमित हुने खतरा बढी रहेको पाइएको बताएको छ । जबकि भिटामिन 'डी' को मात्रा सामान्य रहेका व्यक्ति तुलनात्मक रूपमा भिटामिन 'डी'को कमी भएका व्यक्तिभन्दा कम सङ्क्रमित पाइएका थिए । यसैगरी भिटामिन 'डी' को कमी भएका कोभिड-१९ सङ्क्रमितलाई सङ्क्रमणपछि पनि गम्भीर समस्या देखिने र अस्पताल भर्ना गर्नुपर्ने देखिएको अध्ययनको निष्कर्ष रहेको छ । अचम्मको अर्को कुरा के छ भने अध्ययनले मनोभ्रंश, मुटु रोग र फोक्सोको समस्या रहेका विरामी भएकै कारण उनीहरूमा कोभिड-१९ सङ्क्रमण दर बढी नपाइएको बताएको छ ।

### उत्तर कोरियामा कोरोना नियन्त्रण गर्न संकटकाल घोषणा

उत्तर कोरियामा कोरोना नियन्त्रणका लागि संकटकालको घोषणा गरिएको छ । कोरोनाभाइरसबाट सङ्क्रमित भेटिएपछि फैलिने डरले लकडाउनसहितको संकटकाल घोषणा गरिएको राज्यद्वारा सञ्चालित सञ्चार माध्यमले जनाएको छ । सिमानामा पर्ने काएसोङ सहरमा पहिलो कोरोना सङ्क्रमित भेटिएकोले संकटकाल लगाउनु परेको अधिकारीहरुले जानकारी दिएका छन् । सर्वोच्च नेता किम जोङ उनले शनिबार पोलिटव्युरो बैठक मार्फत संकटकाल लगाउँदै उच्च सतर्कता अपनाउनु पर्ने निर्णय गराउनुभएको हो । नेता किमले भाइरसलाई परास्त पार्न उच्चतम आपतकालीन प्रणाली लागु गर्न आदेश दिनुभएको छ । आफ्ना गतिविधि एवम् विवरणहरू गोप्य राख्ने गरेको उत्तर कोरियाले यसअघि कोरोना सम्बन्धी कुनै पनि घटनाहरू नभएको दावी गर्दै आएको थियो ।

### बिमान दुर्घटनामा तीन जनाको मृत्यु

संयुक्तराज्य अमेरिकाको पश्चिमी उटाह राज्यको वेस्ट जोर्डानमा सानो बिमान शनिबार दुर्घटना हुँदा बिमानमा सवार तीन जनाको मृत्यु भएको छ । बिमानमा तीन बालबच्चा सहित कूल छ जना सवार रहेको प्रहरीले जनाएको छ । वेस्ट जोर्डान प्रहरी विभागका अनुसार एक-इन्जिनयुक्त उक्त बिमान वेस्ट जोर्डानको पछिल्तिर आवाशीय क्षेत्रमा खसेको थियो । बिमान खसेको एक घरकी महिला पनि घाइते हुनुभएको र उहाँको स्वास्थ्य अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ । अमेरिकी संघीय नागरिक उड्डयन प्रशासनले उक्त घटनाको छानबिन थालेको छ ।

### पश्चिम अफगानिस्तानमा सैनिक कारबाही, आठ लडाकू मारिए

अफगानिस्तानको घोर प्रान्तको शाहराक जिल्लामा सरकारी सेनासँग भएको भिडन्तमा एक जना मुख्य तालिबान कमान्डर सहित आठ जना तालिबान लडाकू मारिएको सेनाले जनाएको छ । अफगान सेनाद्वारा जारी वक्तव्यमा आइतबार भएको उक्त भिडन्तमा तालिबान कमान्डर मुल्लाह खक्सारको मृत्यु भएको उल्लेख छ । तालिबान कमान्डर मुल्लाह खक्सारको नेतृत्वमा आएको तालिबान समूहको एक टोलीले खारिस्तान क्षेत्रको एउटा सुरक्षा जाँच चौकीमा आक्रमण गरेपछि भिडन्त भएको थियो । सरकारी सेनाको जवाफी कारबाहीमा कमान्डर खक्सार सहित आठ जनाको घटनास्थलमै मृत्यु भएको र अरु लडाकू त्यहाँबाट भागेको सेनाले जनाएको छ । घोर प्रान्तका तालिबानमाथि कमान्डर खक्सारको मृत्युले ठूलो क्षति पुगेको सेनाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

### भारतमा एकैदिन ५० हजार बढीमा कोरोना संक्रमण


काठमाडौं । भारतमा कोरोना संक्रमितको संख्या बढ्दो छ । आइतवारे एकैदिन ५० हजार भन्दा बढी कोरोना भाइरसका नयाँ संक्रमित थपिएका छन् । कोरोना संक्रमणकै कारण ज्यान गुमाउनेको संख्या पनि भारतमा ३२ हजार ८ सय नाघेको छ । भारतमा हिजो मात्रै ७ सयभन्दा बढीको कोरोना संक्रमणकै कारण मृत्यु भएको छ । संक्रमण दर उच्च भए पनि पछिल्लो समय मृत्युदरमा भने विश्वमै कमी आएको छ । यसैबीच विश्वमै कोरोना जितेर घर फर्कनेको संख्या १ करोड नाघेको छ । कोरोनाबाट बढी प्रभावित मुलुकहरु अमेरिका र ब्राजिलमा हिजो भने कोरोना संक्रमण दर र मृत्युदर दुबैमा कमी आएको छ । विश्वमा हालसम्म कोरोनाबाट संक्रमित हुनेको संख्या १ करोड ६३ लाखभन्दा बढी छ भने मृत्यु हुनेको संख्या पनि ६ लाख ५१ हजारभन्दा बढी छ ।

# सर्जकलाई नजिकबाट नियाल्दा



दामोदर ढकाल

दीपक मुरलीप्रसाद ढकार्ल शिखरनाथ कविै आधुनिक साहित्य परिषद् का अध्यक्ष हुनुहुन्छ। उहाँसँग कोरोना आतङ्कको कारण बन्दाबन्दी अर्थात लकडाउनमा भिडियो कल मार्फत मैले संक्षिप्त कुराकानी गरेको छु। सोही कुराकानीमा आधारित रहेर जीवनका कुरा, केही अनुभूतिका कुरा र केही साहित्यका कुराहरू यहाँ प्रस्तुत गर्न गइरहेको छु २०१९ साल भाद्र १ गतेको दिन पिता होमनाथ ढकाल र माता कृष्णकुमारी ढकालको माहिलो पुत्रको  रूपमा उहाँको जन्म भयो। नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिका बडा नं १ उहाँको जन्मस्थान हो। हाल उहाँ काठमाडौं महानगरपालीका वडा नं. १६ बोहोराटार, बालाजु हाइटमा बसोबास गर्दै आउनुभएको छ। बेलकोटगढीको उपल्लो तिगाउँको मध्यमबर्गीय परिवारमा उहाँको जन्म भएकोले उहाँले सानैदेखि खेतीपातीको काम गर्नु भयो। उहाँले विद्यालय गएर कुनै औपचारिक शिक्षा लिन पाउनु भएन। तर उहाँका भाइहरू र बहिनीलाई भने पढ्नुपर्छ भनेर सधैंव अभिप्रेरित गरिरहनु भयो। ज्ञान प्रमाणपत्रमा मात्र सिमित हुँदैन भन्ने तथ्य उहाँले प्रमाणित गरिदिनु भएको छ। बेलकोट गढी बस्दै दुग्ध विकास सहकारी संस्थाको अध्यक्ष लगायत अन्य सामाजिक संस्थामा कुशल नेतृत्व प्रदान गर्नुभएको थियो। १९ वर्षको उमेरमा सरस्वती तिम्सिना ढकालसँग विवाह बन्धनमा बाँधिनु भएका ढकालका चार सन्तानहरू छन्। सीता ढकार्ल कडेलै ,डा. सुजन ढकाल , सलिना ढकाल र सलिन ढकाल। सन्तानहरू सबैले उच्च शिक्षा हासिल गरिरहेका छन्। हाम्रो राइस मिल संचालन गरेर जिविकोपार्जन गरिरहनु भएका ढकालका चार कृति प्रकाशित भैसकेका छन्। ७२ सालको भुकम्प, रगत र आसुको पोखरी, जिन्दगी र फूलको थुङ्गा उहाँका प्रकाशित कृति हुन्। यसको अलावा विभिन्न संयुक्त कृतिहरूमा र पत्रपत्रिकाहरूमा उहाँका सिर्जनाहरू प्रकाशित भैरहन्छन्। भूकम्पको व्याथा नामक गीत पनि उहाँको रेकर्ड भैसकेको छ। कवि तथा गीतकारको छवि बनाइसक्नु भएका ढकालसँग मैले गरेका केही संक्षिप्त कुराकानी अब प्रस्तु गर्दैछु। तपाईंलाई




साहित्यको कुन विधा मनपर्छ? मलाई साहित्यका सबै विधा मनपर्छन्। विशेषगरी कविता विधा प्रति बढी आकर्षित छु। म शास्त्रीय छन्द र लोकछन्दमा कविता लेख्न मनपराउँछु।

साहित्य भनेको के हो?

विभिन्न विधा र उपविधामा विभिन्न विषयवस्तुमा लेखिने सिर्जना जुन सिर्जनाहरू रसै रसले भरिएका हुन् जसरी फूलमा, माहुरी पुतली , भमरा पंक्षि आदि आकर्षित हुन्छन् त्यसैगरी जुन सिर्जनाले पाठकलाई तान्छ त्यहीँ नै साहित्य हो। त्यहीँ नै समाजको चित्रण हो। समयको दस्तावेज हो जहाँ यथार्थतामा सुन्दर ढंगले कल्पनाको जर्ति लगाइएको हुन्छ।

साहित्य किन र के का लागि लेख्नु हुन्छ?

म साहित्य समाजमा सकारात्मक धारणाको विकास होस् भनेर लेख्छु। हरेक मान्छेमा असिमित उर्जा हुन्छ त्यो उर्जा साहित्य मार्फत पात्रको रूपमा प्रस्फुटन होस् भन्ने ध्येय राखेर लेख्छु। निराशामा परेका मान्छेहरू साहित्य पढेर उत्साहित बनुन् , रोएकाहरू हाँसुन् , अल्छिहरू जागरिला बनुन् , डरपोकहरू साहासी बनुन्, घमण्डीहरू नम्र बनुन्। म समाजमा यिनै परिवर्तन हरू ल्याउनको निमित्त साहित्य लेख्छु।

नेपाली साहित्यको विकास र बिस्तारमा के के गर्नुपर्ने देखिन्छ?

भगवान गौतम वुद्धले कुनै विद्यालयमा गएर औपचारिक अध्ययन गरेका थिएनन् तर उनको विषयमा धेरै विद्यार्थीले पि.एच.डी गरेका छन्। भन्नुको तात्पर्य साहित्यको विकास र बिस्तारमा साहित्यको साधक वुद्ध जस्तै बन्नुपर्यो। उहाँले शान्तिको निमित्त साधना गर्नुभयो भने हामीले साहित्यका निमित्त साधना गर्नुपर्यो। आफुले लेख्ने विषयवस्तुको ज्ञानको गहिराइमा पुग्नु पर्यो। भावना, कल्पना , अनुभव र अनुभूतिलाई समाजसँग तुलनात्मक विश्लेषण सहित साहित्य सिर्जना गर्नुपर्यो। यदि सम्पुर्ण साहित्यकारहरूले यति गरेर साहित्य सिर्जनामा तल्लिन भएमा नेपाली साहित्यको विकार र बिस्तार भएर जानेछ।

साहित्यबाट समाजसेवा गर्न सकिन्छ?

अवस्य १ समाजसेवा गर्ने उपयुक्त माध्यम नै साहित्य हो। साहित्यमा विभिन्न विषयवस्तुका तथ्यपरक कुरा समावेश गरेर पहिलो कुरा त जनचेतना जगाउन सकिन्छ। यसैगरी साहित्य भित्र कृषिका कुरा, पर्यटनका कुरा, वाणिज्यका कुरा , संघर्षशील र सफल व्यक्तित्वका जीवनीका कुरा , विकृति विसङ्गतिले समाजमा पारेको असरका कुरा अदिलाई साहित्यमा सबैको मन जित्न सक्नेगरि लेख्न सकियो भने साहित्यबाट जति समाजसेवा अरू केहीबाट पनि गर्न सकिँदैन। र यो गर्न आवश्यक छ। साहित्य समाज सुधार गर्ने उपयुक्त माध्यम हो। समाजको सुधार गर्न सक्नु जत्तिको समाजसेवा अरू के हुन सक्छ,

तपाईलाई लेख्ने पर्ने कृति के लागेको छ?

वास्तवमा म अहिले लेखिरहेको छु। पुस्तादेखिका कुरा जो पुस्तौपुस्तालाई काम लाग्नेछ। इतिहासदेखि समेटेर भविष्य बदल्न सक्ने कुरा त्यो पनि तत्कालका लागि मात्र होइन आउने पुस्तौ पुस्तालाई मार्गदर्शन गरिने कुरा। यो महाकाव्यको रूपमा लेखिरहेको छु। यसको साधनामा लागिरहेको छु। खै  कहिले लेखेर सक्छु। तर एकदमै मिहिनेतका साथ लेखिरहेको छु।

आधुनिक साहित्य परिषद् लाई कसरी अगाडि बढाउने सोच राख्नु भएको छ?

आधुनिक साहित्य परिषद् साहित्य सिक्न चाहनेहरूको लागि प्रशिक्षण केन्द्र , विषयवस्तुको गहिराइमा पुग्न खोज्नेहरूको लागि अनुसन्धान र साधना केन्द्र एवं सम्पूर्ण साहित्यकारहरूको आफ्नै साझा मन्च बनोस् भन्ने उद्देश्यले म लगायत कार्यसमितिका सबै साथीहरू लाग्नु भएको छ। सबै साहित्यकारहरू सम्मान, उत्प्रेरणा र हौसला नै यसको प्रमुख कर्तव्य रहनेछ। अस्तु

# पहिरो पीडित परिवारको बिचल्ली

-सन्तोष गौतम

म्याग्दी। धवलागिरि गाउँपालिका-६ नामरुककी सविना विक सुत्केरी भएको सोमबार २३ दिन पुगेको छ। घरवरिपरि पहिराले घेरेपछि राम्चेस्थित दलित उत्थान सङ्घको भवनमा उहाँ बस्न थालेको १५ दिन भयो। गत असार २६ गते बिहान साढे ७ बजेतिर पकाएको खाना छाडेर भागेकी सविनाले घर फर्किएर बस्न सक्ने अवस्था नभएको बताउनुभयो। “खाना खान बसेको बेला आँगनमुनिको उत्तिसको रुख ढल्यो, करेसाको उपल्लो गह्रासम्म पहिरो आएपछि मैले ठूली छोरी र छोरालाई समातेँ, श्रीमान्ले सानो छोरी समाएर भाग्यौँ”, उहाँले भन्नुभयो “दुई घण्टा टाढाको गोठमा अमिलो मोही र सातुको भरमा डेढ दिन कटायौँ। पहिरो रोकिएपछि युवा क्लबले यहाँ ल्याएर राख्यो।”

सविनाका परिवारमा सात जना छन्। उहाँका श्रीमान् सन्देशले आफन्तसँग खाट मागेको र पानी नपरेका अवस्थामा घरमा गई खानेकुरा ल्याएर खुवाउने गरेको बताउनुभयो। “पानी पऱ्यो भने पहिरो खसिहाल्छ, घर जान सकिँदैन”, उहाँले भन्नुभयो “पालेको कुखुरा, साँचेको चामल, दाल पनि सकियो। करेसाको तरकारी पहिरोले पुरेको छ। आमालाई पोषिला खानेकुरा नभएर दूधले नअघाएर बच्चा रोएको रोयै गर्न थालेको छ।”

दुई महिनाअघि सुत्केरी भएकी हरिमाया विक र तीन महिनाअघि सुत्केरी भएकी गिरु विक पनि पहिराले घरमा बस्न जोखिम बनाएपछि सविनासँगै दलित उत्थान सङ्घको भवनमा बस्नुभएको छ। पोषिला खानेकुरा खाएर आराम गर्नुपर्ने उनीहरू बिहानबेलुकी दाल, भात खाएर कष्टकर दिन बिताउन बाध्य छन्।

“पहिराले घर कतिबेला पुर्छ भन्ने थाहा छैन। त्यही भएर सङ्घको भवनमा आएर बसेको हुँ”, हरिमायाले भन्नुभयो “पानी र चिसोले आमाछोरा नै पखाला लागेर बिरामी भएका छौँ।” राम्चेको सामुदायिक भवन र सडकमा बनाएको टहरामा १६ परिवार बसेको स्थानीयवासी प्रेम लामगाडेले बताउनुभयो। पहिराको डरले राति सुत्नका लागि गाउँभरिका सबै टहरा र राम्चे सामुदायिक भवनमा आउँछन्। पहिरो पीडित बस्नका लागि बनाइएको ठाउँमा शौचालय र खानेपानीको सुविधा छैन। “खाद्यान्न, कपडा, त्रिपाल, म्याट्रेस, सुरक्षित खानेपानी र सरसफाइ सामग्रीको अभाव हुँदा महामारी फैलिने डर छ”, उहाँले भन्नुभयो “सडकमा त्रिपाल टाँगेर बनाएको टहरामा नल ओछ्याएर सुतेका छौँ। भुइँको चिसोले निद्रा नै पर्दैन।” पहिराले उठिबास लगाएपछि मराङका बासिन्दाको जनजीवन कष्टकर बनेको छ। पन्ध्र दिनसम्म पनि पर्याप्त राहत सामग्री पुग्न र घरबास गुमाएकाको व्यवस्थापन हुन सकेको छैन। रिख, घण्टीवाङ र कुम्रिका पहिरो पीडितलाई आरवाङको जनविकास आधारभूत विद्यालयको भवनमा राखिएको छ। कल्लेनीका करीब २५ घरपरिवारलाई छिमेकी ७ नम्बर वडामा पर्ने शिवाङको हेम माविमा राखिएको छ। गाउँमा कोही नभएका समयमा घरमा राखिएका नगद, कपडा र खाद्यान्न चोरी हुन थालेको कल्लेनीका रत्नप्रसाद पुनले बताउनुभयो। ठूलोगाउँ र खक्सीमा पहिराको जोखिममा रहेका घरका बासिन्दा आफन्तकहाँ सुत्ने गरेको मराङका वडाध्यक्ष राजाराम सुवेदीले बताउनुभयो। ‘बुलबाहेक वडाका सबै बस्ती पहिरोले प्रभावित भएका छन्”, उहाँले भन्नुभयो, “बर्खा अझै बाँकी छ। कसरी जोगाउने भन्ने चिन्ताले सताएको छ।” मराङका १९ जनाले पहिरामा ज्यान गुमाएका थिए भने १२ जना घाइते भएका थिए। दुई  अझै बेपत्ता छन्। जिल्ला प्रशासन कार्यालयको तथ्याङ्कमा मराङमा पहिराले ७२ घरमा पूर्ण क्षति भएको उल्लेख छ। नेपाल रेडक्रस सोसाइटी म्याग्दीका अनुसार १७ घर भत्किएको र १५ घरमा आंशिक क्षति तथा ७८ घर उच्च जोखिममा छन्। समन्वयका अभावमा निकायपिच्छे फरकफरक तथ्याङ्क हुँदा पीडितको पहिचान र वर्गीकरण गरी सरकारले घोषणा गरेको राहत उपलब्ध गराउन अलमल र ढिलाइ भएको छ। परिवारका चार सदस्य गुमाएकी चनमती लामगाडेले गाउँपालिकाले दिएको रु दश हजार किरियाखर्चबाहेक प्रदेश र सङ्घीय सरकारले घोषणा गरेको राहत नपाएको गुनसो गर्नुभयो। भौगोलिक विकटता, घोरेटोबाटो, झोलुङ्गे पुलसमेत बगाएको र  दाताले हेलिकप्टरबाट ल्याएको राहत ठूलो सङ्ख्याका पीडितका लागि पर्याप्त नभएको कार्यपालिकाका सदस्य तिलकुमारी केसीले बताउनुभयो। “जताततै पहिरै पहिरो गएर थुनिएका छौँ, अभावै अभाव छ, समस्या नै समस्या छ”, उहाँले भन्नुभयो, “पहिरो पीडितको सुरक्षित व्यवस्थापन गर्न नसकेर हामीलाई पीडा भएको छ।” सडक अवरुद्ध र भौगोलिक विकटताको बहानामा स्थानीय प्रशासन, प्रदेश र सङ्घीय जनप्रतिनिधि तथा सुरक्षा निकायले उदासीनता देखाएको पहिरो पीडितको गुनासो छ। दाताले दिएको राहत सामग्री पनि सदरमुकाम बेनीमै थुप्रिएको छ। पहिराले अवरुद्ध सडक, घोरेटोबाटो, विद्युत्, सञ्चार र खानेपानी पुनःसञ्चालन गराउन र राहत उपलब्ध गराउन सङ्घीय र प्रदेश सरकार तथा स्थानीय प्रहरी प्रशासनबाट सहयोगको अपेक्षा राखिएको वडाध्यक्ष सुवेदीले बताउनुभयो।

## जलदेवी सामुदायिक वनको आकर्षण




***जिप लाइन***

**आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षणको केन्द्र जिप लाइन तपाईहरुको  सेवामा समर्पित छ। घुमौं मजा लिऔं, पर्यटन वर्ष २०२० लाई साकार गरौं।**

***आकर्षणहरु***

**१. एउटा तारमा झुण्डिएर स्पिडमा एउटा रुखबाट अर्को रुखमा पुग्ने,**
**२.भर्खरका युवा युवतीले प्रयोग गर्न सक्ने र चुडीने भन्ने प्रश्न नै नआउने**
**३. पार्कमा पिकनिकको व्यवस्था भएको,**
**४. अन्य साहसिक खेलका साथै मनोरञ्जन दिने विभिन्न इभेन्ट।**

## लकडाउन......

काठमाडौंका जो भाडा मात्र असुल्ने नियतले घर बनाएकाहरुका लागि यतिवेला महानगरपालिकाको कर अनुगमनले झयाप झयाप समातेर कारवाही अगाडी बढाउन थालेपछि हिजो कोठा भाडामा बस्नेलाई एउटा फ्लाईटको ५० हजारसम्म असुल्ने तर कर तिर्ने बेला ५ हजार मात्र देखाउनेहरु अहिले महानगर अनुगमनको पासोमा पर्न थालेका छन् ।

काठमाडौं उपत्यकामा घरबेटी भन्दा घरबेटीवाट ठेक्कामा घर लिएर बढी बढी भाडा असुल्ने नियतले बसेकाहरु झनै खतरनाक भएको देखिन्छ । जसलाई नेपाली भाषामा दलाल भनिन्छ । उनिहरुले घरबेटीलाई मार्षिक तोकेको रकम तिर्छन भने झण्डै डबल भाडा असुलेर छिटो धनि बन्ने सपना देखेर गरिखाने बर्ग जो काठमाडौं उपत्यकामा अवसर खोज्न आएका गाउमा पनि बाध्यताले शहर पस्नुपर्ने भएकाहरुले जिनो तिनो गरी कमाएको पैशा काठमाडौंको घरभाडाको चरम महगीले गर्दा सधै नेपाली नागरिक हुनुमा गर्व गर्नुको सट्टा हिनता बोध गर्ने गरेको जतातत्तै सुनिन्छ ।

कतिसम्म भने सामान्य नागरिकले कुनै एउटा सामान्य खालको ब्यवसाय गर्छु भनेर काम शुरु गऱ्यो भने अलि अलि के ब्यापार भएको घरबेटीले देख्यो भने भाडा बढाईहाल्ने गर्ने गरेर हैरान पार्ने गरेको ब्यवसायीहरुको गुनासो छ ।

यसरी मानवीय दाईत्व भुल्दै गएका काठमाडौं उपत्यकाका घरबेटीहरुको चेतमा परिवर्तन आएन भने समाजमा महगी अभाव र तनावले बिभिन्न समस्या निम्तन सक्ने बिश्लेषकहरुको बुझाई रहेको छ । लकडाउनको समयको भाडा असुल्ने घरबेटीहरुलाई बिप्लव नेर्तत्वले कारवाही गर्ने धम्की दिईसकेको छ ।यसले पनि भोलिका दिनमा समस्या नपार्ला भन्न सकिन्न ।

घरभाडा अहिले घटाघटमा

काठमाडौं उपत्यकामा घरभाडा घटाघटमा झरेको छ । कुनैबेला मानिसहरु एउटा घरवाट सऱ्यो कि भाडा बढाई हाल्ने घरबेटीहरु अहिले खाली रहेको कोठा पहिला जस्तै भाडा बढाएर मानिसहरु बस्छनकि भनेर पर्खाइमा थिए । तर महगो कोठमा कोही बस्न नआएपछि वरिपरि खुलेका पसलहरुमा मेरो घरमा कोठा खाली छ । फ्लाईट खाली छ । कोही आएभने म कहा पठाईदिनु है भन्ने गरेका छन् । तर जति मानिस आउछन् सवैले महगो भयो भनेर नबस्ने भन्दै फर्कन थालेपछि झण्डै दोब्बरले भाडा घटाएर भनेपनि सधै खाली रहनु भन्दा थोरै भएपनि भाडा आउने सोचेर काठमाडौं उपत्यकामा घरभाडा घटाघटमा झरेको छ । झण्डै दोब्बरले भाडा घटाएर भनेपनि सधै खाली रहनु भन्दा थोरै भएपनि भाडा आउने सोचेर काठमाडौंका घरबेटीहरुले घरभाडा घटाघटमा झरेका छन् ।

मानिसहरु काठमाडौं भनेको दुखः र संकटपर्दा बस्ने ठाउ होइन रहेछ भन्दै अहिले श्रीमान बैदेशिक रोजगारमा गएका र छोराछोरी पढाउने नममा अल्छी श्रीमती जति काठमाडौं थुप्रीएका थिए । हाल ति धेरै जति बैदेशिक रोजगारवाट फर्केका परिवारहरु गाउँनै गएकाले अव काठमाडौं उपत्यकामा चाप कम हुने देखिन्छ ।

यो चुनौतिलाई सरकारले अवसरमा बदल्नुपर्छ

गाउँ घर रित्तिदै गएकोमा चिन्ता त सवैले गर्ने गरेका छन् । तर त्यसको ब्यवस्थापन र कृषि, क्षेत्रमा गर्नुपर्ने सुधारहरु देखिएका छैनन् । अहिले गाउँका युवाहरु सवै गाउँ फर्केका छन् उनिहरुलाई उत्पादन र आम्दानीको ग्यारेन्टी गरेर गाउँमा नै जिवीको पार्जन गर्न सक्ने बनाउन सक्यौ भने नेपालको बिकाश पनि छिटो गर्ने आधार बन्न सक्छ । सरकारले यो चुनौति सँगै अवसरलाई सदुपयोग गरेर देशको पलायन भईरहेको युवा जनशक्तिलाई नेपालको सम्भावनाका क्षेत्रहरुमा लगाउन सक्नुपर्छ । तवमात्र देशले सार्थकता पाउन सक्छ ।

## राप्रपा......

लोहनीलगायतका नेता गणतन्त्रका पक्षपाती थिए । थापा सुशील कोइराला नेतृत्वको सरकारका पालामा आपूर्ति तथा वाणिज्यमन्त्री थिए । उनले संविधानसभामा गणतन्त्रका पक्षमा मतदान दिएका थिए ।

पार्टीले संस्थापक अध्यक्ष स्व. सूर्यबहादुर थापाको नेतृत्वमा उदार प्रजातान्त्रिक दृष्टिकोण एवं परिवर्तनलाई आत्मसात् गर्ने नीतिको अनुशरण गर्दा राप्रपा कुनै समय देशको तेस्रो ठूलो दल तथा सही अर्थमा वैकल्पिक प्रजातान्त्रिक शक्ति भएको, तर अहिले पार्टी नेतृत्व गलत दिशामा गएको उनले आरोप लगाएका छन् ।

थापाले भनेका छन्, 'पार्टीका संस्थापक अध्यक्ष सूर्यबहादुर थापाको निधनपश्चात् पार्टीले सबल नेतृत्व मात्रै गुमाएन, पार्टीको सैद्धान्तिक र वैचारिक मान्यतामा पनि विचलन देखापरेको छ । जसका कारण पार्टी दिशाहीन बनेको छ ।'

एकातिर पार्टी नेतृत्व गणतान्त्रिक व्यवस्था स्वीकार गरेर सरकारहरूमा सहभागी हुने, संविधान उत्कृष्ट भएको प्रचारप्रसारमा सामेल भएको छ भने अर्कातिर आमसहमतिको राजसंस्था सहितको प्रजातन्त्रको अति अमूर्त र असम्भव एजेन्डालाई पनि छोड्न नसकेको उनको आरोप छ । राप्रपाको द्वैध मनस्थिति र ढुलमुले दृष्टिकोणका कारण पछिल्लो निर्वाचनमा पार्टीले शर्मनाक पराजय भोग्नुपरेको पनि थापाले आरोप लगाएका छन् ।

थापाले संविधान निर्माणमा निःसर्त भूमिका निर्वाह गरेको, संविधानलाई उत्कृष्ट भनी सत्तामा सहभागी भएको अनि आफनै ढुलमुले नीतिका कारण जनमत गुमाएपछि संविधानप्रति असहमति जनाउने कार्य भइरहेको भन्दै नेतृत्वको आलोचना गरेका छन् । उनले भनेका छन्, 'स्वार्थ र परिस्थितिअनुकूल विचार, सिद्धान्त र दृष्टिकोण परिवर्तन हुँदा राप्रपाप्रति आमरूपमा विश्वास समाप्त भएको मात्र छैन, संस्थापकहरूको सपनामा पनि ठेस पुगेको छ ।'

पार्टी संस्थापकहरूले देखाएको सपना, परिवर्तनप्रति पार्टीको प्रतिबद्धता र आमजनमतविपरीत पार्टी गएकोमा खबरदारी गर्दै आएको, तर पार्टीले सुनुवाइ नगरेको थापाको आरोप छ । थापाले राजीनामापत्रमा भनेका छन्, 'उदार प्रजातान्त्रिक दृष्टिकोणको रक्षार्थ र मुलुकमा प्रजातान्त्रिक पद्धतिका पक्षमा निरन्तर रहने गरी हामी आजका मितिदेखि राप्रपाको सबै भूमिका र तहबाट अलग भएको घोषणा गर्दछौं ।'

पूर्वमन्त्री थापा नेपाली कांग्रेस प्रवेश गर्ने तय भएको छ । थापा मंगलबार कांग्रेस प्रवेश गर्न लागेको कांग्रेसनिकट स्रोतले जनाएको छ ।

राप्रपाबाट पूर्व मन्त्री सुनिल ब.थापाले राजिनामा दिए लगतै राप्रपा (लाकतान्त्रिक) का अध्यक्ष लाक्पा तामाङ राप्रपा प्रवेश गर्ने तयारीमा छन् । केहि केन्द्रिय सदस्य लगायत आफुलाई केन्द्रिय पदाधिकारी तथा आगामी चुनावमा धनकुटाबाट प्रतिनिधि सभा सदस्यको टिकट बार्गेनिङ गरिरहेका तामाङ राप्रपा प्रवेश गर्न यतिबेला राप्रपाका केन्द्रिय नेताहरुसँग लविङ गरिरहेका छन् । राजनितिमा एक जनाको अन्त्यसँगै अर्कोको उदय हुनु स्वभाविक कुरा हो । कमल थापा नेतृत्वको राप्रपा नेपालबाट राजनीतिक यात्रा सुरु गरेका तामाङले ३ वर्ष अगाडी पशुपति शमशेर नेतृत्वको राप्रपासँग पार्टी एकता भएपछि धनकुटामा थापा खानदानको गुलामी नस्विकार्ने भन्दै पार्टीबाट राजिनामा दिई आफ्नै नेतृत्वमा राप्रपा लोकतान्त्रिक गठन गरेका थिए ।

सिन्धुपाल्चोक, धादिङ र मकवानपुरलाई आधार बनाएर आगामी चुनाबमा उम्मेद्धवारीमा उठ्ने आन्तरिक तयारी गरिरहेका तामाङको राप्रपाबाट पुर्व मन्त्री थापा बाहिरिए सँगै अब आफ्नै गृह जिल्ला धनकुटाबाट राजनितिक बाटो खुल्ला भएको छ ।पुर्व प्रधानमन्त्री स्वर्गीय सुर्य ब. थापाका सुपुत्र समेत रहेका सुनिल थापाले आफ्नो बुबाले स्थापना गरेको पार्टी छोडेर गएको भनि धनकुटाबासीहरुले आक्रोशित हुदै सुनिल थापाले धनकुटेली जनताको भावनामा चोट पुर्याएको भनि दुःख व्यक्त गरेका छन् । यो परिस्थिति हेर्दा बिस्तारै सुर्य बहादुर थापाको साखः लाक्पा तामाङले जोगाउनु पर्ने धनकुटामा सर्वत्र सुनिन थालेको छ ।

धनकुटामा यति बेला राजनीतिक जोडघटाउको लेखा जोखाले त्यहाँका जनताहरुमा बहस तातेको छ ।

## नेपाल........

उप-प्रमुख कार्यकारी अधिकृत प्रसाईले कार्यवाहक सिइओको जिम्मेवारी पाउनु भएको हो । असार ३१ गते बसेको संचालक समितिको बैठकले उहाँलाई कार्यवाहक सिइओको जिम्मेवारी दिएको हो । प्रसाई विगत ३ वर्षदेखि नेपाल लाइफ इन्स्योरेन्समा आवद्ध हुनुहुन्छ । यसअघि उहाँले बीमा क्षेत्रको नियमनकारी निकाय बीमा समितिमा सात वर्षको लामो अनुभव सम्हाल्नु भएको थियो ।

## चितवन......

सङ्घ चितवनका अध्यक्ष लक्ष्मीनारायण श्रेष्ठको पनि उस्तै गुनासो रहेको छ । अहिले पसल कुरेर बस्दा २० प्रतिशत पनि व्यापार गर्न नसकेको उहाँले दुःखेसो पोख्नुभयो । विदेशबाट पैसा आएको छैन यहाँको पनि आम्दानी नभएपछि कसरी व्यापार गर्ने उहाँले गुनसो गर्नुभयो । जिल्लामा दुई सय ५० हाराहारी कपडा पसल रहेका छन् । व्यापारीले घरभाडा तिर्न नसकेको श्रेष्ठ बताउनुहुन्छ । उहाँले भन्नुभयो, "मैले भाडामा दिएको दुईवटा सटरको भाडा तिर्न उनीहरूले सकेका छैनन् । किराना व्यवसायीको पनि आफनै गुनासो रहेको छ । अत्यावश्यक सामग्रीमा पर्ने भएकाले ५० प्रतिशत हाराहारी व्यापार भए पनि खर्च धान्न सक्ने अवस्था नरहेको किराना व्यवसायी सङ्घ चितवनका अध्यक्ष रवीन्द्र श्रेष्ठ बताउनुहुन्छ । जिल्लामा तीन हजारभन्दा बढी किराना व्यवसायी रहेको उहाँले जानकारी दिनुभयो । व्यापार कम भए पनि खर्च उही हुने गरेको छ । उहाँले भन्नुभयो, "अहिले नगदमा सामान ल्याउनु पर्छ । उधारोमा बेच्नुपर्ने बाध्यता रहेको छ, पुरानो उठाउनुपर्ने रकम उठ्न नसक्दा व्यवसाय धान्न मुस्किल भएको श्रेष्ठले बताउनुभयो । होटल तथा रेष्टुरेन्ट बन्द हुँदा व्यवसाय प्रभावित छ । अरु काम नपाएपछि खाली सटर खोजेर किराना व्यापार गर्नेहरू बढ्दै गएकाले पनि पुराना व्यवसायीको व्यापार घट्दै गएको छ । जिल्लाको प्रमुख शहरी क्षेत्रमा एउटै सटरको रू ५० हजारसम्म भाडा तिर्नुपर्ने हुन्छ । उद्योग वाणिज्य सङ्घ र वस्तुगत सङ्घसंस्थाको पहलमा घरधनीले एक महिनादेखि दुई महिनासम्म भाडा छुट गरेका छन् । बजारमा लकडाउन हटेसँगै मानिसको आवतजावत केही बढेको छ । यद्यपि अन्य सुनचाँदी, तरकारी तथा फलफूल, होटल, हार्डवेयर, इलेक्ट्रोनिक्स लगायतका अधिकांश व्यवसाय प्रभावित छ । उद्योग वाणिज्य सङ्घ चितवनका अध्यक्ष राजु श्रेष्ठ सार्वजनिक यातायात सञ्चालन नभएका कारण व्यापार हुन नसकेको बताउनुहुन्छ ।

# सुजुकीको १५०० सीसी पेट्रोल इन्जिन युक्त नयाँ भिटारा ब्रेजा सार्वजनिक

काठमाडौं । नेपालका लागि सुजुकी ब्रान्डका कारको आधिकारिक बिक्रेता तथा सीजी होल्डिंग्स्को अटोमोटिभ डिभिजन सीजी मोटोकर्पले नेपाली बजारमा नयाँ पावरफुल र स्टाइलिस सार्वजनिक गरिएको भिटारा ब्रेजा नेपालमै सबैभन्दा बढी बिक्री भएको एसयुभीमध्ये पर्छ। नयाँ भिटारा ब्रेजा पहिलेभन्दा बढी बोल्ड, स्पोर्टी र पावरफुल भएर आएको छ,' सीजी

साथै यसमा १७७८ सेन्टिमिटरको टचस्क्रिन स्मार्ट प्ले स्टुडियो, अटो एसी, भ्वाइस कमान्ड, स्मार्ट की, एलईडी फगल्याम्प, अटो डिमिंग आईआरभीएम, रेन सेन्सिंग वाईपर,



भिटारा ब्रेजा सार्वजनिक गरेको छ। स्पोर्टी र बोल्ड लुक्सबाट सज्जित सुजुकीको नयाँ कम्प्याक्ट एसयुभीमा प्रिमियम इन्टेरियरका साथै 'फस्ट-इन-क्लास' फिचरहरु रहेका छन्।

१४६२ सीसीको 'के-सिरिज' बीएस६ पेट्रोल इन्जिन जडित भिटारा ब्रेजाले ग्राहकलाई सन्तुष्ट बनाउने अपेक्षा गरिएको छ। ५ स्पिड म्यानुअल ट्रान्समिसन रहेको नयाँ कम्प्याक्ट एसयुभी भीएक्सआई र जेडएक्सआई प्लस गरी दुई भेरियन्टमा उपलब्ध छ।

'नेपाली ग्राहक कार छनोटमा कुनै सम्झौता गर्नु हुन्न। चार वर्षअघि मोटोकर्पका कार्यकारी निर्देशक करण चौधरीले भने, 'हामीलाई विश्वास छ यो नयाँ एसयुभीले ग्राहकको मन जितेर अघिल्ला पुस्ताको भिटारा ब्रेजाको विरासतलाई अझमाथि पुऱ्याउनेछ।'

सन् २०१६ मा सार्वजनिक भएको भिटार ब्रेजाले केही समयमै अटो बजारमा तहल्का मच्चाउँदै सबैभन्दा बढी अवार्ड हासिल गर्न सफल एसयुभी बनेको थियो। नयाँ भिटार ब्रेजामा सेग्मेन्टमै पहिलो पटक डुअल च्याम्बर एलईडी प्रोजेक्टर हेडल्याम्प, अटो फोल्डिंग ओआरभीएम जस्ता फिचर छन् ।

क्रुज कन्ट्रोल, डाईमन्ड-कट एलोई ह्विल रहेका छन् । नयाँ भिटारा ब्रेजमा सेफ्टी प्याकेजलाई स्ट्यान्डार्डको रुपमा राखिएको छ। स्टेट अफ आर्ट टीईसीटी च्यासिस्, डुअल एअरब्याग, ईबीडीसहितको एबीएस, पेडेस्ट्रियन प्रोटेक्सन सिस्टम, रिभर्स सेन्सर, आईसो फिक्स चाइल्ड एन्करेज र फोर्स लिमिटर प्रिटेन्सनसहितको सिट बेल्ड पनि स्ट्यार्न्डको रुपमा राखिएको छ ।

मूल्य

| भेरियन्ट | बजार मूल्य |
| --- | --- |
| VXi | रु ४१,६९,००० |
| VXi+ | रु ४४,६९,००० |

# किया सोनेटको कम्प्याक्ट एसयुभी सेग्मेन्टमा कियाले थप्यो

काठमाडौं । सोनेटको बोल्ड, पावरफुल तथा विशिष्ट डिजाइन डिएनएको तस्बिर औपचारिक रुपमा सार्वजनिक

युवा मन र दृढ इच्छाशक्ति भएका क्रेता लक्षित ।

परिष्कृत आधुनिक डिजाइन, आकर्षक विषेता र अतुलनीय जोशको अनुभव

कम्प्याकट एसयुभी वर्गमान नयाँ डिजाइन बेन्चमार्क स्थापना

कियाको सेल्टोसपछि भारतमा निर्मित दोस्रो कार बजारमा ल्याउन सार्वजानिक भएको छ ।

कियामोटर्स कर्पोरेसनको पूर्ण स्वामित्वको भगिनी संस्था कियामोटर इन्डियाले बिहीबार नया "किया सोनेट कम्प्याक्ट एसयुभीको पहिलो तस्बिर सार्वजनिक गरेको हो । सोनेटको पहिलो पटक २०२० दिल्ली अटो एक्स्पोमा सार्वजनिक गरिएको थियो । यसको ताजा बाहिरी डिजाइनले व्यापक प्रशंसा पाएको थियो । सार्वजनिक गरिएको नयाँ तस्बिरका साथ सोनेटले आगामी हिउँदमा बजारमा आउँदा डिजाइनको नयाँ मानक स्थापना गर्नुका साथै कम्प्याक्ट एसयुभी सेग्मेन्टमा नयाँ गतिशीलता थप्ने लक्ष्य लिएको छ ।

किया सोनेटले चित्ताकर्षक डिजाइनलाई प्रिमियम र ताजा अपिलसँग एकाकार गर्दै उक्त ब्रान्डको डिएनएलाई जोड दिएको छ । कम्प्याक्ट एसयुभीको बोल्ड डिजाइनमा कियाको परिचायक डिजाइन विशेषताहरु, सशक्त दृश्य प्रभावका लागि त्रिआयामिक ज्यामितीय 'स्टेपवेल'जालिका साथ विख्यात बाघको नाकजस्तो जालि लगायतको सम्मिश्रण छ । कियाको परिचालक जालिमा भारत प्रभावित प्रभाव प्रदर्शन हुँदा सोनेटको आक्रामक मुद्राले यसको विषम अपिल प्रकट गरेको देखाउ छ ।

'नयाँकिया सोनेटका साथ कम्प्याक्ट एसयुभीमा धेरै ठूला बाहनमा मात्र पाइने एउटा सशक्त र मजबुत विशेषता दिने हाम्रो आकांक्षा थियो । यसलाई ध्यानमा राखेर हामीले गजबको एसयुभीमा हुनुपर्ने भनी हामीले विश्वास गरेको विशिष्ट स्पोर्टी भाव, निश्चित मुद्रा र गतिशील रुपरेखा अनुसार डिजाइन गरेका छौं कम्पनीको भनाई रहेको छ । हामीले नयाँकिया सोनेटको सबै पक्षमा कुनै सम्झौता नगरी ध्यान दिनुका साथै भारतमा हाम्रा डिजाइनरले फेलापार्न सक्ने उत्कृष्ट सांस्कृतिक सम्पदाबाट प्रभीवत रङ र मेटेरियल छनोट गरेका छौं,' कियामोटर कर्पोरेसनको किया डिजाइन सेन्टरका प्रमुख तथा सिनियर भाइस प्रेसिडेन्ट करिम हबिबले भन्नुभयो । 'समग्रमा हामी नयाँकिया सोनेट हाम्रा युवाहरुका लागि लोभलाग्दो विशेषता सहितको शानदार एसयुभी हुनेछ भन्ने विश्वास गर्दछौं । भनिएको छ ।

सोनेट भारतमा कियाद्वारा निर्मित दोस्रो कार हो । यसअघि कियाले भारतमा सेल्टोस उत्पादन गरेको थियो । नयाँ मोडलले विश्वभरका ग्राहकलाई आकर्षित गर्ने र छिट्टै यसको ग्लोबल प्रिमियर हुने बताइएको छ । त्यसपछि आगामी पर्वको छेकोमा भारतमा सोनेट सार्वजनिक गर्ने कार्यक्रम छ । किया सोनेट प्रविधिसँग जानकार, आकांक्षी र सामाजिक रुपमा जोडिएका युवा पुस्ता लक्षित कार हो ।

द पावर टू सरप्राइज ब्रान्ड स्लोगनका साथ कियामोटर इन्डिया, सेल्टोसको हालसालै गरिएको सार्वजनिकीकरण र कार्निभलमा देखिएको अतुलनीय स्वामित्व अनुभव प्रस्तुत गर्दै ग्राहकको अतृप्त आवश्यकता र चाहना पहिचान एवं परिपूर्तिका लागि प्रयासरत छ । लन्च हुँदा सोनेट चित्ताकर्षक डिजाइनका कारणले मात्र नभएर अति उत्तम निर्माण गुणस्तर, यो वर्गको नेतृत्वदायी विशेषता, कनेक्टिभिटीको नविनता, पावर ट्रेनको छनोट र बृहत् सुरक्षा उपकरणका कारण प्रख्यातहुनेछ ।

किया मोटर्स कर्पोरिसन बारे

किया मोटर्स युवा मनका लागि विश्वस्तरीय बाहन निर्माता हो । सन् १९४४ मा स्थापित कियाले अहिले वार्षिक ३० लाख गाडी विश्वका १९० मुलुकमा बिक्री गर्छ । संसारभर ५२ हजारलाई रोजगारी दिएको कियाको वार्षिक रेभेन्यू ५० अर्ब अमेरिकी डलर छ भने ६ वटा मुलुकमा यसका उत्पादन प्लान्ट छन् । किया अब विस्तारै विद्युतीय बाहन उत्पादन तर्फ जाँदै गरेको कम्पनीहो, जसले विश्वभरको सहरी सहरी मोबिलिटी सेवाका चुनौती सामना गर्न मद्दत गर्नेछ । द पावर टू सरप्राइज भन्ने कियाको ब्रान्ड स्लोगनले अपेक्षाभन्दा परको प्रचलित र प्रभावशाली अनुभवबाट विश्वलाई चकित पार्ने यसको विश्व व्यापी प्रतिबद्धताको प्रतिनिधित्व गर्छ भन्ने धाराण पनि सार्वजानिक गरेको बिज्ञप्तिमा उल्लेख छ ।

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस